**वीरेन्द्रनगर नगरपालिकाको १३ औ नगरसभाको वैठकमा**
**कार्यपालिका प्रमुख श्री मोहनमाया ढकाल (भण्डारी) ज्यू बाट**
**प्रस्तुत**

आ. व. २०८०।०८१ को

# नगर विकासका नीतिहरु

वीरेन्द्रनगर नगरपालिका
कर्णाली प्रदेश सुर्खेत, नेपाल
www.birendranagarmun.gov.np
२०८० अषाढ १० गते

नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारहरु मध्ये एक, कर्णाली प्रदेशको राजधानीका रुपमा रहेको यस वीरेन्द्रनगर नगरपालिकाको दोस्रो निर्वाचन पश्चातको तेस्रो तथा हाल सम्मको तेह्रौ नगर सभामा नगर कार्यपालिकाको तर्फवाट संवोधन गर्न पाउँदा खुसी व्यक्त गर्न चाहान्छु ।

यस पुनित अवसरमा राष्ट्रिय एकता र अखण्डता कायम गरी सिंगो संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने राष्ट्रिय हितका खातिर देशको विभिन्न राजनैतिक तथा सामाजिक आन्दोलनमा शहादत प्राप्त गर्ने ज्ञात अज्ञात सम्पूर्ण वीर शहिदहरु तथा कर्णाली प्रदेश स्थापनाका खातिर ज्यान आहुति दिने सहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै उहाँहरुको योगदानलाई पुनः स्मरण गर्न चाहन्छु । साथै विभिन्न आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै समाज परिवर्तनको अग्रस्थानमा रही योगदान पुर्याउनुहुने सम्पूर्ण अग्रजहरु प्रति सम्मान व्यक्त गर्दछु ।

कर्णाली प्रदेशको राजधानीको रुपमा रहेको यस वीरेन्द्रनगर नगरपालिका प्रचुर सम्भावना भएको पालिकाको रुपमा रहेको छ । यस नगरपालिका ठूलो भूगोल क्षेत्र रहेको, दिन प्रतिदिन उच्च जनसख्या वृद्धिको अवस्था छ । प्रदेशको राजधानी रहनुको कारणले अन्य छिमेकी जिल्ला र पालिकाहरुबाट वसोवास गर्नेहरुको संख्या समेत उल्लेख्य भएको कारण थप जनसंख्यालाई सेवा पुर्याउन परेको छ । सिमित श्रोत साधनका कारण समुदायको आकांक्षालाई पूर्ण सम्वोधन गर्न सकिएको छैन । तर पनि नगरपालिकाका सामु उपलब्ध सिमित श्रोत साधनबाट आशातित नतिजा हासिल गर्नुको विकल्प छैन ।

मुलुकको समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई समेत आत्मसाथ गर्दै यस नगरसभाबाट आ.व.०८०/०८१ मा नगरपालिका ले अपनाउनुपर्ने नीतीलाई प्रस्तावको रुपमा नगरसभा समक्ष स्वीकृतिका लागि पेश गरेकोछु ।

**क) राजश्व तथा वित्त व्यवस्थापन तर्फ**

१. गत विगतका लागि स्वीकृत कर दस्तुरलाई आधार मानी बर्तमान अवस्थामा समयसापेक्ष वृद्धि गरी करदाता र करको दायरा विस्तारको नीति तथा करका दरहरुमा आवश्यकता र औचित्यताको आधारमा छुट एवम् सहुलियत दिने नीति लिइएको छ साथै आवश्यकता र औचित्यको आधारमा छुट एवंम सहुलियत दिने नीति दिईनेछ ।यस आ.व लाई राजश्व सुधारको वर्षको रुपमा लिई नगरलाई आत्म निर्भर तथा स्व-निर्भर तर्फ लगिनेछ ।

२. कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिकाले उपमहानगर पालिकाको लागि आवश्यक पर्ने राजश्व संकलनको लक्ष्य लिइएको हुँदा सो पुरा गरी यस नगरपालिकालाई उपमहानगरपालिकाको रुपमा विकास गर्न आवश्यक पुर्वाधार निर्माण गर्ने लक्ष्य पुरा गरिनेछ ।

३. नेपालको संविधान अन्तर्गत स्थानीय तहको अधिकार सूची भित्र पर्ने सम्पत्ति कर, भूमीकर, घरजग्गा वहालकर, व्यापार व्यवसाय कर, जडीबुटी, कवाडी तथा जीवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, मनोरन्जन कर, वहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, विभिन्न सेवा शुल्क दस्तुर क्षेत्रलाई फराकिलो पार्दै कर एवम् शुल्क तिरेको अनुभुति हुने गरी कर संकलन कार्यलाई अभियानकै रूपमा अगाडि बढाइनेछ ।

४. नगरपालिका क्षेत्रभित्रका घरहरुको मापदण्ड तयार गरी न्युनतम कोठा तथा घर भाडा दर तोकी घरवहाल कर प्रचलित कानून अनुसार टोल विकास संस्थाहरुलाई समेत परिचालन गर्दै प्रत्येक वडा कार्यालयबाट कर संकलन गरिनेछ । यसरी संकलित रकमको २० प्रतिशत रकम वडा कार्यालयलाई आवश्यक पूर्वाधार सडक वत्ती, सरसफाई, विपद् व्यवस्थापन, अत्यावश्यक सार्वजनिक सेवा ब्यवस्थापन तथा राजस्व असुलीका कार्यक्रम टोल विकास संस्थाहरु मार्फत सचालन गर्न वडा समितिबाट बनाएको कार्यक्रमका लागि उपलब्ध गराइनेछ ।

५. ब्यापार ब्यवसाय कर संकलनलाई प्रभावकारी बनाउन हाल सम्म ब्यवसाय कर नवुझाएका ब्यवसायीलाई २०८० कार्तिक मसान्त भित्र बुझाएमा हाल सम्मको सवै जरिवाना र वक्यौता करको ५० प्रतिशत छुट दिदै कर असूली गरीने छ ।

६. महिला अपांङ्ग तथा अति विपन्न दलितद्वारा संचालित उद्यम तथा ब्यवसायको कुनै पनि कर तथा सेवा शुल्कमा १० प्रतिशत छुट दिइने छ ।

७. घरवहाल कर, व्यवसाय कर जस्ता महत्वपूर्ण अधिकार क्षेत्र भएको कर असुली दरमा प्रभावकारीता ल्याउन राजश्व संकलन सुधार कार्ययोजना अनुरुपका कार्यहरु गरिनेछ ।

८. कर संकलन कार्यलाई प्रविधिमैत्री बनाउदै नगर तथा वडामा कार्यरत कर्मचारीहरुलाई विभिन्न क्षमता विकास तथा प्रविधिमैत्री तालिमहरु सञ्चालन गरिनेछ ।

९. नगरपालिकालाई तिर्नुपर्ने कर दस्तुर तिरेका व्यवसायीहरुबाट मात्र वस्तु तथा सेवाहरु खरिद गरिनेछ ।

१०.सरकारको नाममा बाटो लगतकट्टा गर्ने (कित्ताकाट तथा खरिदविक्री बाहेक बाटो लगतकट्टाको लागि मात्र) सिफारिस निःशुल्क गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११.अपाङ्गमैत्री व्यक्तिगत भवन निर्माणको नक्शापास दस्तुरमा २५ प्रतिशत छुट दिने तथा घरको पानी आफ्नै घर परिसर व्यवस्थापन गर्ने घरधनीलाई समेत १० प्रतिशत नक्शापासमा छुट सहित सम्मानको नीति लिइनेछ ।

१२.अपाङ्ग/गरीव/असहाय/विपन्न/आर्थिक अवस्था कमजोर भएका उपचार सहुलियत, गरीव तथा जेहन्दार छात्रवृत्ति जस्ताको सिफारिस निःशुल्क गरिनेछ ।

१३.वित्तीय सुशासन तथा वेरुजु न्यूनीकरणका लागि वेरुजु सम्बन्धमा चौमासिक समिक्षा गर्दै वेरुजूलाई घटाउदै लगिने छ ।

१४.सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्रीवापत गर्ने आयको १० प्रतिशत पालिकामा वुझाउन लगाउंदै उल्लेखित आयबाट हरियालि प्रवर्द्धनका गतिविधि गर्न सामुदायिक वन उपभोक्ता समितिहरुसंग सहकार्य गरिनेछ ।

१५. नगरपालिकाले लिंदै आएको सम्पत्तिकरलाई बैज्ञानिक र वस्तुपरक वनाई प्रगतिशील करको मान्यतालाई आत्मसाथ गर्दै कर प्रणालीलाई प्रभावकारी वनाउंदै छुटेका सम्पत्तिहरुलाई समेत समावेश गरिनेछ ।

**ख-सार्वजनिक प्रशासन तथा सेवा प्रवाह**

१६.निर्माणाधिन वीरेन्द्रनगर नगर कार्यपालिकाको प्रशासनिक भवनलाई सम्झौता अवधि भित्र पूर्णता प्रदान गर्दै सेवा प्रवाहलाई सहज र एकिकृत रुपमा सञ्चालनमा ल्याइनेछ ।

१७.आफ्नै भवन नभएका वडा कार्यालयका भवन निर्माण कार्यलाई प्राथमिकताका दिदै चालू आ.व भित्रै सबै वडा कार्यालयले आफ्नै कार्यालयबाट सेवा प्रवाहको सुनिश्चित गरिनेछ । प्रत्येक वडा कार्यालयहरुमा गुनासो सुनुवाई र सम्वोधनको संयन्त्र खडा गरिनेछ । सो का लागि नगर कार्यपालिकाको कार्यालयबाट टोल फ्री नम्बर स्थापना गरी गुनासो सुन्ने र सम्बोधन गर्ने कार्यको थालनी गरी क्रमशः नगरपालिका अन्तर्गतका सबै वडाहरुमा विस्तार गरिनेछ ।

१८.एकिकृत डिजीटल सेवा प्रवाह प्रणाली लागु गरी नागरीकले घरै बाट सेवा लिन सक्ने प्रणालीको सुरुवात गरी सूचना प्रबिधीको प्रयोग मार्फत नगरपालिका कार्यलय एवंम वडा कार्यालय बाट प्रदान गरीने सेवा लाई छिटो छरितो र पारदर्शि बनाउँदै शिघ्र सेवा तिब्र बिकासको मान्यतालाई आत्मसाथ गरिनेछ ।

१९.सेवा ग्राही हाम्रा भगवान हुन भन्ने वाक्यलाई आत्मासाथ गर्दै नगरपालिका भित्रका नागरीकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्न र सोको सम्बोधन गर्न **हेलो मेयर कार्यक्रम** सञ्चालन गरी नगरपालिकामा टोल फ्री नम्बर सञ्चालन गरिनेछ । भने अनलाईन माध्यमबाट गुनासो व्यवस्थापन प्रणाली citizen Governance Response एप्स तयार गरी लागु गरिनेछ ।

२०.नगरपालिका बाट प्रवाहहुने योजना, लेखा, नक्सा, राजस्व लगाएतका महत्वपूर्ण सबै सेवामा सफ्टवयर निर्माण गरी कागज विहिन प्रणाली बनाउन विधुतिय प्रणालीलाई अधिकतम जोड दिईनेछ ।

२१.समृद नेपाल सुखी नेपालीको रास्ट्रिय आकांक्षा प्राप्तिका लागी सहयोग पुर्याउन समृद वीरेन्द्रनगर सुखी वीरेन्द्रनगर बासी अवधारणा अनुसार नगरबासीको गुणस्तरिय जिवन प्राप्तीका लागी नगरपालिकाबाट दिईने सेवा सुविधालाई चुस्त दुरुस्त बनाई शुसाशन र पारदर्शितामा जोड दिईनेछ ।

२२.नगरपालिका र सबै वडाहरुमा विधुतिय हाजिरी प्रणाली अनिवार्य रुपमा लागु गरी सेवा प्रवाह सुशासनलाई चुस्त दुरुस्त बनाईनेछ ।

२३.मेरो कार्यालय, मेरो जिम्मेवारी अभियान सञ्चालन गरी कार्यालय परिषर र कार्यकक्षको सरसफाइ, असल सिकाई आदान प्रदान मार्फत समृद्ध वीरेन्द्रनगरको सपना साकार बनाउन कर्मचारीहरुको पेसागत समर्पण, सिर्जनात्मक सोच र प्रतिभा प्रस्फुटन हुने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२४.नगरपालिकामा कार्यरत अन्य सेवा तर्फका सवै कर्मचारीहरुको एकिकृत कर्मचारी व्यक्तिगत विवरण प्रणाली PIS स्थापना गरी कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त वनाउनका लागि कर्मचारी संकेत नम्बर कायम गरी सो का आधारमा व्यक्तिगत विवरण अध्यावधिक गरिनेछ । अध्यावधिक विवरणका आधारमा कर्मचारीलाई थप जिम्मेवारी वैज्ञानिक र वस्तुगत मापदण्डमा आधारित बनाईनेछ ।

२५.नगरपालिकामा कार्यरत सबै सेवा समूह तर्फका कर्मचारीहरुलाई आफनो पेशागत मर्यादा र आचरण प्रदर्शनको आधारमा दण्ड र पुरस्कारको नीति अख्तियार गरिनेछ ।सेवाग्राहीमैत्री सेवाप्रवाह विपरितका क्रियाकलापहरुमा शून्य सहनशीलताको नीति लिईनेछ ।

२६.सबै किसिमका कर्मचारी क्षमता विकासका तालिम कार्यक्रममा एकद्वार नीति लिई प्रचलित कानून र मापदण्डमा आधारित तालिम कार्यक्रम सञ्चालन गरिनेछ । तालिममा स्थानीय लगायत राष्ट्रिय र अन्तराष्ट्रिय विज्ञ सेवा लिदै प्रविधिमैत्री कर्मचारी प्रशासनको विकास गरिनेछ ।

२७.सबै शाखा तथा वडा कार्यालयबाट विद्युतीय पत्राचारलाई लागु गर्दै क्रमश विद्युतिय सुशासनको अवधारणा अनुसार कार्य अघि बढाइनेछ । कार्यालयका नियमित बैठक गोष्ठी तालिममा विशेषज्ञ सेवाको प्रयोग गर्न तथा भौगोलिक दुरी कम गर्दै लागत कटौती गर्नका लागि अनलाईन प्रणालीको क्रमश प्रयोगलाई बढाईनेछ ।

२८.**हाम्रो नगर राम्रो नगर** अभियान अन्तर्गत चौमासिक रुपमा नगरका गतिविधिहरु समावेश भएको बुलेटिन प्रकाशन, रेडीयो कार्यक्रम तथा टेलिभिजन कार्यक्रम उत्पादन गरी नागरीकको सूचनाको हकको प्रवर्द्धन गरिनेछ । साथै नगरपालिकाको आफ्नै अगग्लै युट्ब च्यानल मार्फत महत्वपुर्ण गतिविधिहरुको प्रसारण गरिनेछ ।नगरका गतिविधिहरु नियमित संचार माध्यमबाट प्रकाशन तथा प्रसारणको व्यवस्थापनका लागि संचार क्षेत्र सहकार्यका साथै लोककल्याणकारी सूचनाहरु स्थानीय संचारमाध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइनेछ ।

२९.नगरपालिकाको कार्यबोझको आधारमा कार्य विभाजन तथा कार्यसम्पादन नियमावली तयार गरी संगठन संरचनालाई व्यवस्थित गरिनेछ ।कर्मचारीलाई निश्चित सूचकका आधारमा कार्य विवरण सहितको कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन पक्षको मूल्यांकनका आधारमा पुरस्कार र दण्ड नीति अवलम्वन गर्दै कार्य प्रति जवाफदेही बनाइनेछ । कर्मचारी दरबन्दीका आधारमा नयाँ भर्ना, परामर्श सेवा खरिद लगायतको कार्यलाई व्यवस्थित गरिनेछ । प्रदेश लोक सेवा आयोगसँगको परामर्शमा स्थानीय सेवा ऐनको संशोधन गरी कर्मचारीको वृत्ति विकासलाई अघी बढाईनेछ ।

३०. कार्यालयमा सिकाई केन्द्रको संस्थागत विकास गरी सेवा प्रवाहमा नविनता सँगै जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न सूचना केन्द्र (लाईब्रेरी) स्थापना गरिनेछ ।

३१.कर्मचारीहरुलाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण सिर्जना गर्नका लागि तालिम, गोष्ठी, भ्रमणलाई उपलब्धीमुलक हुने गरी सेवा प्रवाहसँग आबद्ध गरिनेछ । साथै शाखागत, वडागत जिम्मेवारी बाँडफाँडलाई थप व्यवस्थित गरिनेछ । नगरका कर्मचारी एवं पदाधिकारी, उपभोक्ता समिति र टोल विकास संस्थाहरुको पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ । टोल विकास संस्थाहरुलाई वडा तहको राजश्व संकलन अभियान तथा सरसफाई अभियानको राजश्व संकलनमा समेत संम्लग्न गराईनेछ ।

३२. नगरका विभिन्न बैठकहरु तथा कार्यक्रमहरुमा खर्च कटौतीको नीति अख्तियार गरी आर्थिक मितव्ययिता तथा खर्चमा एकरुपता ल्याई वैठक तथा कार्यक्रम सञ्चालन मापदण्डको सममायिक संशोधन गरी लागु गरिनेछ ।

३३.बजार क्षेत्र लगायत नगरका प्रमुख स्थानहरुमा सिसिटिभी क्यामराको विस्तार तथा नियमित मर्मत सम्भार गर्नुका साथै क्यामराको विस्तारका लागि प्रदेश सरकारसँग समन्वय र नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।सवै वडामा छिटो छरितो शान्ति सुरक्षाको प्रत्याभूती नागरीकलाई गराउन सवै वडामा प्रहरीको नियमित उपस्थितिका लागि आवश्यक सहयोग एवं समन्वय गरिनेछ ।

३४. सेवा प्रवाहमा सुधार ल्याउन नागरीक सहायता कक्षको व्यवस्था मिलाउने, सेवाग्राही विश्राम स्थल, शुद्ध पिउने पानी, गुनासो सुनुवाई संयन्त्र निर्माण सहित प्रविधिमैत्री सेवामा जोड दिईनेछ ।

३५.नगरपालिकामा १५ वर्ष स्थायी सेवा अवधि पुरा गरी स्वास्थ्य र आधुनिक प्रविधिसंगको अभ्यस्ता समस्याका कारण नियमित सेवा प्रवाह गर्न कठिनाई भोगिरहेका साविक स्थानीय तहका अन्य सेवाका कर्मचारीहरुलाई निजले चाहेमा ५ वर्षको सेवा अवधि थप गरी सेवाबाट निवृत्त हुन प्रोत्साहन गरिनेछ ।

३६. साविक स्थानीय निकायमा करार नियूक्त भई हाल सम्म अविच्छिन्न १५ वर्ष भन्दा वढी करार सेवामा कार्यरत कर्मचारीहरुको योगदानको कदर हुने गरी नगद प्रोत्साहन सहितको अवकास योजनाका लागि कानून वनाई स्वैच्छिक विदाईको अवसर दिइनेछ ।करार सेवाका कर्मचारीहरुको सेवा अवधिलाई बर्गीकरण गर्दै सेवा सुबिधाको व्यवस्था गरी प्रोत्साहित गरिनेछ ।

३७.वडा नं १३ देखी १६ सम्मका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन सुविधा उपलब्ध गराईनेछ ।प्रत्येक वर्ष नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरु लाई चक्रिय प्रणाली अपनाई आन्तरिक कर्मचारी ब्यवस्थापनको कार्य गरीने छ ।

३८.वडाको राजश्व संकलन स्थिति, कार्यरत कर्मचारी तथा सेवा प्रवाहको स्थिति समेतलाई मध्यनजर गर्दै कर्मचारी व्यवस्थापन तथा खटनपटनको कार्यलाई व्यवस्थित तथा यथार्थपरक बनाईनेछ ।

३९.नगरको सुशासन प्रवर्दन तथा सुरक्षा लगायतका क्षेत्रमा काम गर्ने गरी प्रदेश प्रहरी संगको सहकार्यमा नगर प्रहरीको सेवा गठन तथा पदपुर्ति गरीने छ ।

**ग-न्याय सम्पादन तर्फ**

४०.नगरवासीको न्यायमा सहज पहुँच स्थापित गरीने छ । यसका लागि आर्थिक रुपले विपन्न तथा असहाय ब्यक्तिहरु, महिला, जेष्ठ नागरीक, अपांग लगायतलाई निःशूल्क कानूनी सहायताको ब्यवस्था गरिनेछ ।

४१.आर्थिक रुपमा कमजोर पिडित पक्षलाई नगरपालिकाको तर्फबाट निःशुल्क कानूनी सेवा प्रदान गरिनेछ । न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्दाहरुमा कानून ब्यवसायीद्वारा मुद्दा दर्ता, बहस पैरवी लगायतको कानूनी उपचारको सुनिश्चितता गरिनेछ ।

४२.विपन्न वस्ती तथा वडाहरुमा न्यायिक समितिको कार्य सम्पादन सम्बन्धमा अनुशिक्षण गरी विपन्न वर्गलाई निःशुल्क कानूनी उपचार प्राप्त गर्नको लागि उत्प्रेरित गरिनेछ ।न्यायीक समितिको कार्यसम्पादनमा विद्युतिय प्रणालीको विकास गरी शिघ्र न्याय सम्पादन गरिनेछ ।

४३.अन्तरपालिका तथा न्याय सम्पादनका सम्बद्ध निकायहरुसंग निरन्तर रुपमा अन्तरक्रिया तथा अनुभव आदान प्रदान गरी न्यायिक समितिको कार्यसम्पादनलाई क्रमशः परिस्कृत गरिनेछ । नगरपालिकाका सूचिकृत मेलमिलापकर्ताहरु द्वारा वडा स्तरमा विवाद समाधानका लागि परिचालन गरिनेछ ।

**घ-सूचना प्रविधि तर्फ**

४४.सूचना व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि नगरपालिका भित्र प्रयोग भएका सम्पूर्ण Software को अनिवार्य रुपमा Security Audit, कर्मचारीका लागि Digital Signature, वडा तह सम्म High Bandwidth को ईन्टरनेट व्यवस्था, नगरको केन्द्रमा Centralized Server, वडा कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयमा सञ्चालन भएका Software हरुको केन्द्रिकृत गरी Data सुरक्षण तथा नियन्त्रणको व्यवस्था मिलाईने छ ।

४५.हाल नगरपालिका भित्रमा ई-हाजिरी र ई-दर्ता चलानी व्यवस्थापन गरीएकोमा यसलाई विस्तार गरी वडा कार्यालय, स्वास्थ्य चौकी र सामूदायीक विद्यालयमा जडान गरी केन्द्रीकृत रुपमा नियमन गर्ने ब्यवस्था गरिनेछ ।

४६.विद्यालयमा learning management system (LMS) को अनिवार्य प्रयोग, नगर अस्पतालमा EHIRRS को प्रयोग, भुक्तानी प्रणालीमा ई-भूक्तानी प्रणाली, कर संकलनलाई ब्यवस्थित गर्न को लागी अनलाईनबाट भुक्तानीको ब्यवस्था, अत्यावश्यक अनलाइन सेवा आदिलाई प्रयोगमा ल्याई सूचना प्रविधिको नविनतम् विकासलाई यथासम्भव कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।

४७.सूचना प्रणाली लाई ब्यवस्थित तथा छिटोछरीतो जनता सम्म सूचनाको पहुँच पुऱ्याउनको लागी social media को प्रयोगलाई बढावा दिईने छ साथै वेव साईटको नियमित अपडेट गर्दै मासिक रुपमा आय व्यय सार्वजनिक गरिनेछ ।

४८.एकिकृत सफ्टवेयर प्रणालीको प्रयोगलाई वढावा गर्दै सम्पूर्ण शाखाको कार्यलाई अन्तर आवद्ध गरी समय समयमा नविनतम प्रविधको प्रयोग गरी परिमार्जन गर्दै लगिनेछ भने विद्यालयमा ई-लाईब्रेरीको विकास गर्न विभिन्न गैरसरकारी संघसंस्था तथा विकास साझेदारहरुसँग समन्वय गरिनेछ ।

## ङ- पूर्वाधार विकास तर्फ

४९.उपत्यकाको खानेपानी समस्यालाई दीगो समाधान गर्न भेरी पम्पिङ्ग उपआयोजना अगाडि वढाउन नेपाल सरकार खानेपानि विभाग र वीरेन्द्रनगर नगरपालिका विच सम्झौता भइ आयोजनाको काम प्रारम्भ भएको छ। यस आयोजनालाई नगर कै गौरवको आयोजनाको रुपमा पहिलो प्रथामिकतामा राखि आयोजनाको निर्माण कार्यलाई यसै आर्थिक वर्षमा वोलपत्र आव्हान गरी कार्य प्रारम्भ गरिनेछ ।

५०.सुर्खेत उपत्यका खानेपानी उपभोक्ता समितिलाई खानेपानी व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि नरपालिकाको संरक्षकत्वमा ल्याई व्यवस्थित ढंगबाट सञ्चालन गर्ने कार्य अघि वढाइनेछ ।

५१.राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त तथ्यांक एवम् नगरपालिकाको आन्तरिक तथ्यांकको विश्लेषण गरी विकास तथा सेवा प्रवाहलाई त्यसै अनुसार केन्द्रित गरिनेछ ।

५२.नगरपालिका भित्रको चक्रपथ बाटो निर्माण ढल निकासको व्यवस्थापन ल्याण्डफिल्ड साईड निर्माण व्यवस्थापन मंगलगढी चोक र एरि चोकमा आकाशे पुल निर्माण भेरी लिफ्ट आयोजना खाने पानी सडक र फुटपाथ पार्किङ व्यवस्थापन नगर गौरवको योजनाको रुपमा निरन्तर कार्यान्वयन गर्दै लगिनेछ र यी कार्यक्रममा प्रदेश सरकार संघीय सरकार संग साझेदारीको रुपमा अगाडि बढाईनेछ ।

५३.साझेदारी निकाय सहरी विकास मन्त्रालय नगर विकास कोष दातृ निकाय लगाएतको संगको सहकार्यमा कार्यक्रम अघि बढाईनेछ ।

५४.हालको सिटी बसपार्क विस्तार गरी सञ्चालनमा सहजता ल्याईनेछ भने बैकल्पिक बसपार्कको रुपमा वडा नं १ मा कर्णाली बसपार्क निर्माण अघि बढाउन जग्गा भोगाधिकारको प्रक्रियाका लागि नेपाल सरकारलाई अनुरोध गरी थप आवश्यक प्रकृया अगाडी बढाइनेछ ।वडा नं ११ मा अटो भिलेजको सम्भाव्यता अध्ययन गरिनेछ ।

५५.उपत्यका नगर विकासको गुरु योजना अनरुप नक्साकन गरीएका सडकको लगत संकलन गर्न शहरी नापीलाई निरन्तरता दिईनेछ ।

५६.पुर्वाधार विकासमा निजी क्षेत्रको सहकार्यलाई सुनिश्चित गर्न सपिङमहल बसपार्क विभिन्न पर्यटकिय पार्क निर्माण तथा सञ्चालनमा सहकार्य गरिनेछ ।

५७.कर्णाली प्रदेश राजधानी घोषणा भए संगै वीरेन्द्रनगरमा भइरहेको उच्च आन्तरिक वसाइसराई लाई व्यवस्थित गर्दै वढ्दो जनसंख्यालाई मध्यनजर गरी भौतिक पूर्वाधारलाई त्यसै अनुसार केन्द्रित गरिनेछ ।

५८.नगरपालिकामा बनाइने पूर्वाधारका सम्पूर्ण संरचनाहरु अपांगमैत्री, वालमैत्री र जेष्ठ नागरीकमैत्री बनाउनमा विशेष ध्यान दिइनेछ ।

५९. नगरपालिका भित्रका सरकारी भवन विध्यालय क्याम्पस तथा विश्वविध्यालय लगायत सम्पुर्ण संस्थाहरुलाई अनिवार्य नक्शा पासको दायरामा ल्याइनेछ र भुकम्प प्रतिरोधि तथा अपांग मैत्री भवन निर्माण आचारसंहिता अनिवार्य रुपमा लागु गरिनेछ । यदि नगरपालिकाको नीति अनुसार नभएमा प्रचलित कानून बमोजिमको प्रकृया अगाडि बढाइनेछ ।

६०. मंगलगढी चौक,एरि चौक, घण्टाघर चौक, पुरानो अस्पताल चौक, पिपिरा चौक र धुलयाविट चौक लाई विभिन्न पूर्वाधार र सौन्दर्यताको विकास गरी आकर्षक पर्यटकीय चोकहरुको रुपमा विकास गरिनेछ । साथै ती चौकहरुमा सडक वत्ती हरुको व्यवस्था गर्दै ट्राफिक वत्तीको उपयुक्त व्यवस्थापन गरिनेछ ।

६१.चालु आ.व.मा मूख्य वजारको क्षेत्रको फूटपाथ क्लियर गरी पार्कीङ्गको व्यवस्थापन मिलाइनेछ । साथै सरकारी जग्गाहरुको संरक्षण गर्दै बजार क्षेत्रलाई व्यवस्थित गरिनेछ । नगर गौरवको रुपमा रहेको घण्टाघर, वुलवुले, कांक्रेविहार जस्ता पर्यटकीय क्षेत्रको निर्माण तथा व्यवस्थापन लाई नगर गौरबको आयोजनाको रुपमा अगाडि वढाइनेछ ।

६२.चालू आ. व. मा वढी सवारी चापहरु भएका स्थानहरु जस्तै मंगलगढी र एरिचोकमा आकाशे पुलको निर्माणका लागि सम्भाव्यता अध्ययन पुरा भएकाले यी स्थानमा आकाशे पुल निर्माण गर्न प्रदेश र संघीय सरकार लगायत विकास साझेदारहरु संगको समन्वयमा विभिन्न श्रोतको खोजि गरि कार्य प्रारम्भ गरिनेछ ।

६३.नगरपालिकाको निर्माणाधिन सडक सतहको पानी निकास योजनालाई यथाशिघ्र तयार गर्न लगाई आगामी आ व मा सडक एवं नाला निर्माण गर्दा यसै योजनालाई आधारमानि निकासका साथ विकास सुनिश्चित गरिनेछ ।

६४.मूख्य बजारको मंगलगढी,गणेश चौक सडकमा ट्राफिक चिन्ह लगाएत सडक सजावटका कार्य गरिनेछ भने डिपिआर बमोजिमको बजार क्षेत्रको बांकी खण्डको कार्यलाई पूरा गर्ने साथै फुटपाथ, साईकल लेन, सवारी पार्किङ्ग, रोडमा लाइनिङ्ग, ट्राफिक, लाइट समेतको डिजाईन गरी नमुना सडक निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

६५.वीरेन्द्रनगर क्षेत्रभित्र रहेका पूर्वाधार संरचनाहरु सडक, पुल, खानेपानी आदी मर्मतका लागि छुट्टै आपतकालिन पूर्वाधार निर्माण कोष र निर्माण दल गठन गरी आवश्यकताका आधारमा पूर्वाधार मर्मतका कार्यहरु गरिनेछ ।

६६.नगरपालिकाबाट निर्माण भएका पुर्वाधारलाई संख्यात्मक उपलब्धि भन्दा पनि गुणात्मक उपलब्धिमा विशेष जोड दिदै दिगो र वातावरण मैत्री वनाउन सो को डिजाइन स्टिमेटमा नै यी पक्षलाई समेटि चालू आ.व मा सञ्चालन हुने सडक कालो पत्रे गरीने सबै आयोजनामा सडक छेउ वृक्षारोपण, सडकको ट्र्याक खोल्ने आयोजनामा समेत वायोइन्जिनियरीङ तर्फ कम्तीमा ५ प्रतिशत बजेटको सुनिश्चित गर्दे आयोजनालाई दिगो र वातावरणमैत्री बनाउन जोड दिइनेछ ।

६७.भवन निर्माण संहितामा कार्यान्वयन हुनु पूर्व निर्माण भएका भूकम्पीय जोखिम यूक्त नीजि तथा आवासीय भवनहरुलाई प्रवलीकरण गर्नका निम्ति अभिप्रेरित गर्ने र न्यून आय भएका वस्ती छनौट गरी नमुना प्रवलीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. वीरेन्द्रनगर नगरपालिका भित्र निर्माण हुने आवासीय क्षेत्रलाई थप सुन्दर, व्यवस्थित र नगरवासिलाई सहजताका लागि विभिन्न आवासीय भवनहरुको नमुना नक्साहरु वनाई प्रत्येक भवनहरुको अगाडीको भागमा एकरुपता ल्याउनका लागी आवश्यक पहल गरिनेछ ।

६९. समग्र नगरक्षेत्र भित्रको फोहरमैलाको उचित ब्यबस्थापनका लागि ल्याण्डफिल साईट निर्माणको स्वीकृत बिस्तृत आयोजना प्रतिबेदन Detailed project report अनुसार निर्माण कार्यलाई निरन्तरता दिईनुका साथै उक्त स्थानसम्म जाने पहुंच मार्गको स्तरोन्नती गरिनेछ ।

७०. नगर क्षेत्रका सडकहरु तथा प्रत्येक घरधुरीको नम्बरिङ्ग गर्दै मेट्रिक ठेगाना प्रणाली लागु गर्न सुरु गरी परम्परागत नक्सापास प्रर्णालीलाई सहज, सरल र पारदर्शिताका लागि विद्युतीय पद्धतीबाट गरीनुका साथै पुराना नक्साहरुको समेत डिजिटाईजेशन गरिनेछ ।

७१.नापी कार्यालय संग समन्वय गरी नगर भित्रका सडक र खोलाको नक्साङ्कन गरी **Right of way** एकिन गरी संरक्षणको नीति लिईनेछ । बिस्तारित नगर क्षेत्रका जमिनमा बढ्दै गएको अब्यबस्थित तरिकाले जग्गा प्लटिङ्ग तथा बसोबास र सडक खोल्ने कार्यलाई निरुत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ । वीरेन्द्रनगर नगरपालिकाको स्वीकृत गुरुयोजना बमोजिम शहरी नापी हुन बाँकी वडामा शहरी नापी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७२. नगरपालिकाको बिभिन्न सडकहरुको नियमित मर्मत सम्भार गर्नको लागि सडक मर्मत सम्भार RMG कार्यलाई निरन्तरता दिईनेछ ।

७३.वीरेन्द्रनगर क्षेत्रभित्र रहेका पार्क तथा पर्यटकीय क्षेत्रहरुमा व्यवस्थित पर्यटकीय पूर्वाधारहरु निर्माणको मापदण्ड बनाई निर्माणमा सहकार्यका लागि संघीय सरकार, प्रदेश सरकार, नीजि क्षेत्र लगाएत विकास साझेदारहरुसंग सहकार्य गरिनेछ ।

७४. पूर्वाधार विकासमा कृषि तथा पर्यटकीय सडक निर्माणका लागि प्रदेश तथा संघीय सरकारसंग अनुरोध गरिनेछ ।

७५. वडा केन्द्रसम्म पक्कि सडक पूर्वाधार निर्माण हुन वांकी रहेका वडाहरुमा पक्की सडक निर्माण गरी वाह्रै महिना सवारी आवतजावत गर्न र वडासम्म पुग्ने बाटोहरुको स्तरोन्नती सहित पहूँच मार्गहरुको सुनिश्चितता हुने गरी वजेट ब्यबस्थापन गरिनेछ । वडा न १५ र १६ मा विद्युतीकरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७६.नगरक्षेत्रभित्र रहेका विद्यालय, स्वास्थ्य संस्था, पार्क लगायतका अन्य महत्वका सार्वजनिक पूर्वाधारहरुमा भएका संरचनाहरुलाई बालमैत्री तथा अपाङ्ग मैत्री बनाउन आवश्यक पहल गरिनेछ ।

७७.नगर भित्र रहेका पूर्वाधार सम्पत्तिहरुको अभिलेख ब्यवस्थापन गरी सोको ब्यवस्थित संरक्षणको ब्यवस्थापन गरिनेछ ।

७८.दिगो शहरी यातायात योजना तयार गरी डिजाइन लागु गर्न विकास साझेदारहरुसंग समेत सहकार्य गरिनेछ ।वीरेन्द्रनगर नगरपालिका क्षेत्र भित्रका पूर्वाधार सम्बन्धि कुनै समस्या आएमा नगरबासीले यस कार्यालयको website मा गुनासो राख्ने व्यवस्था मिलाईनेछ ।

## च - कृषि विकास तर्फ

७९. वीरेन्द्रनगर नगरपालिकामा खाद्य सम्प्रभुताको सुनिश्चितता, शून्य भोकमरी, कुपोषणको अन्त्य र सुरक्षित पौष्टिक खाद्यान्न उपलब्ध गराउने उदेश्यका साथ खाद्य सुरक्षा, आयआर्जन, रोजगारी तथा गरीवी न्यूनीकरणका लागी साना सिंचाई कार्यक्रममा जोड दिई सिंचित क्षेत्रफल बढाई **"उत्पादन र बजारिकरण अभियान वर्ष"** को रुपमा सञ्चालन गरिनेछ ।

८०.वीरेन्द्रनगर नगरपालिकाले निर्धारण गरेका विभिन्न बालीका पकेट क्षेत्र अनुसार उत्पादन हुने फलफूल (कागती, आँप ,केरा, लिची ,किवी ड्रागन फ्रुट आदि), खाद्यान्न (मकै,गहु,धान, कोदो), दलहन ( सिमि, भटमास, केराउ, मास, मसुरो), मसलाबाली (अदुवा, बेसार, लसुन, प्याज), मौरी, च्याउ, बेमौसमी तरकारी तथा तरकारी बीउ खाद्यान्न बिउ आदि लाई प्राथमिकतामा राखी सोही बमोजिम बाली वस्तुहरुको पकेट क्षेत्र निर्धारण गरी अनुदानको व्यवस्थापन गरिनेछ ।

८१.उत्पादनको लागी सिंचाई सुविधा अपरिहार्यतालाई मध्यनजर गर्दै खेती योग्य तर सिँचाई सुविधा नपुगेको जमिनमा सिंचाई सुविधाको लागी साना सिँचाई कार्यक्रम सञ्चालन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

८२.नगरलाई खाद्यान्नमा आत्मनिर्भर गराई आयात न्युनिकरण गर्नका लागी रैथाने वाली प्रवर्नद्ध तथा खाद्यान्न बाली(धान, गहु, मकै) प्रर्बधन कार्यक्रम सञ्चालन गरिनेछ साथै अन्य कृषि जन्य उत्पादन बढाउनका लागी कृषि क्षेत्रको आधुनिकिकरण र व्यवसायीकरणका लागी आवश्यक पर्ने प्रबिधी सहित न्यूनतम कृषि सामग्रीहरु (मल, बीउ,साना सिंचाई, बिद्युतिय उपकरण, मेशिनरी औजार तथा यान्त्रिकीकरण र बजार पूर्वाधार निर्माणमा कम्तिमा ५०% अनुदानको व्यवस्थापन गरिनेछ।

८३.कृषि व्यवसायको माध्ययमबाट विपन्न पिछडीएको वर्गका महिलाहरुको जिवनस्तर सुधार तथा आयआर्जनमा वृद्धिका लागी महिलाहरुलाई कृषि समुहमा आवद्ध गराई व्यवसायीक खेती गर्ननकालागी कृषि समुह निर्माण कार्य अभियानको रुपमा सञ्चालन गरी मेयर संग महिला कृषक कार्यक्रमलाई निरन्तरता दिई यस आ व मा करिव २०० जना महिलाहरुलाई स्वरोजगारमा आवद्ध गरिनेछ।

८४.कृषि क्षेत्रको पुँजी तथा प्रविधिमा प्रदान गरीने अनुदानलाई प्रभावकारी बनाउनका लागी साना कृषक मध्यम कृषक तथा व्यवसायिक ठूला कृषक गरी ३ प्रकारमा कृषक वर्गीकरण गरी सोही अनरुप भिन्न प्रकृतीको अनुदान प्रतिशत निर्धारण गरी अनुदान उपलब्ध गराईने छ ।

८५.प्राङ्गारीक खेती प्रोत्साहन तथा जमिनको उत्पादकत्व बढाउनका साथै नागरीकको स्वास्थमा सकरात्मक प्रभाव पार्नका लागि जैविक मल अनुदानमा उपलब्ध गराउनुका साथै स्थानीय स्तरमा  भर्मि कम्पोष्ट ,कम्पोष्ट मल र जैविक विषादी निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ ।

८६.जलवायू मैत्री तथा वातारण मैत्री कृषि उत्पादन गर्नका लागी आई पि एम पि जि एस तथा प्राङ्गारीक खेती प्रबिधि अबलम्बन गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप जैविक मल जैविक विषाधी तथा अन्य औजार तथा उपकरणमा अनुदान उपलब्ध गराईने छ ।

८७.नगर भित्रै गुणस्तरीय खाद्यान्न बीउ  रैथाने बिउ उत्पादन तथा संरक्षणका लागी सामुदायिक बीउ बैंक स्थापना गर्ने उदेश्यका साथ ईच्छुक फर्म, कृषक समुह तथा सहकारी लाई बीउ बिजन उत्पादनका लागि आवश्यक सामाग्रिमा अनुदानको व्यवस्थापन गरिनेछ |

८८.कृषि कार्यक्रम सञ्चालनका लागी एक द्धार प्रणाली अबलम्बन गरिनेछ र प्रत्येक वडामा एक वडा एक कृषि प्राबिधिक जनशक्ति को व्यवस्थापनका लागी पहल गरिनेछ ।

८९.ग्रामिण कृषकलाई सुचनाको हक सुनिश्चितताको लागी नगरबाट सञ्चालन हुने कार्यक्रमको हकमा समयमानै सूचना प्रकाशन गरी सबै वडा कार्यालय मार्फत टोल टोलमा सूचना पुर्याई सम्पूर्ण कृषकहरुलाई कार्यक्रममा सहभागिहुन अभिप्रेरित गरिनेछ ।

९०.स्थानीय उत्पादकलाई प्रोत्साहन र प्रतिस्प्रधी बनाउन बाहिरबाट यस नगरमा भित्रिने कृषि जन्य उत्पादनमा कर लगाउने र तरकारीमा विषादि परिक्षण गर्ने नीति अबलम्बन गरिनेछ ।

९१.कृषकलाई उत्पादन सामग्रीको गुणस्तरियता एवं सहज उपलब्धताको सुनिश्चितताका लागी एग्रोभेटहरुको अनुगमन नियमन त्यसैगरी कृषि जन्य उत्पादनको बजारीकरणमा सहजताको लागी कृषि हाटबजार कोल्ड स्टोरको अनुगमन नियमन लाई प्रथामिकीकरणमा राखी कार्यान्वयनमा ल्याईनेछ ।

९२.वीरेन्द्रनगरमा कृषि व्यवसायका लागी  विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट उपलब्ध गराईने अनुदानमा दोहोरोपना हटाउनका लागी त्यस्ता सेवा प्रदायक संघ संस्थाहरुले आफ्नो कार्य क्षेत्र तथा लाभान्वित जनसंख्या सहित कार्यक्रमहरु श्रावण महिना मसान्त सम्म पेश गर्नुपर्ने र त्यस्ता संघ संस्थाहरुको न्यायोचित नियमन तथा अनुगमन गरिनेछ ।

९३.नगरपालिकाबाट प्रवाह हुने कृषि सेवालाई गुणात्मक तथा परिमाणात्मक बनाउन तथ्याङ्क व्यवस्थापन गर्ने र प्रशारण गर्ने नीति अबलम्बन गरिनेछ ।

९४.नगरपालिका भित्रका शहरिकरण भईरहेको वडाहरुमा पोषण सुरक्षालाई मध्यनजर राख्दै कौशी खेती प्रबर्द्धन गरिनेछ ।

९५.वैदेशिक रोजगार बाट फर्की कृषि व्यवसाय गर्न चाहने युवाहरुलाई प्राथामिकतामा राखी पुँजि तथा प्रबिधिमा अनुदान उपलब्ध गराई आयआर्जनमा जोड्ने नीति अबलम्बन गरिनेछ ।

९६. जसले उत्पादन गर्छ त्यसैले अनुदान पाउँछ भन्ने नीतिलाई आत्मसाथ गर्दै कृषकले उत्पादन गरेको बस्तुको आधारमा कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराईने छ ।

९७.स्थानीय उत्पादनको बजारीकरणका लागी वडा तथा नगर स्तरबाट खरिद गरीने पोषण सुरक्षाका खाद्य वस्तुहरु खरिद गर्दा स्थानीय स्तरमै उत्पादित बस्तुलाई प्राथामिकिकरण गरिनेछ ।

९८.कृषि भूमिको खण्डीकरण रोक्न तथा खेतीयोग्य जग्गा बाँझो रहन नदिन "**जमिन बाँझो नराखौं, सक्नेलाई खेती गर्न दिऊँ**" अभियानलाई आत्मसात गर्दै लिज/जग्गा करार मार्फत व्यक्तिगत/सामूहिक/सहकारी खेती तथा खेर गएका ऐलानी, हैसियत बिग्रिएको जग्गा, नाङ्गो डाँडा/पाखो, खेती नगरीएका बाँझो वा बगर जग्गामा खेती कार्यको लागि नीतिगत र आर्थिक संरक्षण सहितको विशेष प्रोत्साहन तथा जग्गा भाडामा लीई खेती गर्ने कृषकलाई जग्गा भाडामा अनुदान प्रदान गरिनेछ ।

९९.कुनै पनि बाली जन्य पकेट विकास तथा अन्य कृषिका भौतिक संरचना निर्माणका लागि संघीय तथा प्रादेशिक बजेट संग पालिका ले साझेदारीमा कार्यक्रम सञ्चालन गर्नेछ।

१००. कृषि सहकारी तथा कृषक समूहको माध्यम बाट  सामूहिक खेति तथा संस्थागत खेति लाई प्रोत्साहन गर्न समूह सहकारी लाई पूजी तथा प्रबिधिमा अनुदान उपलब्ध गराई नमुना कृषि फर्मको विकास गर्ने नीति अबलम्बन गरिनेछ।

१०१. रैथाने बालीहरुका परिकारहरु जस्तै भुटेको मकै, भुटेको भट्टमास, सातु पिठो बनाउनका लागि सम्भाब्य वडामा कुट्ने पिस्ने साना मिलहरु तथा प्याकेजिङ र स्टोरेज सामाग्रीहरु अनुदानमा उपलब्ध गराई वीरेन्द्रनगरको लोगो सहित बजारीकरणको लागी वीरेन्द्रनगरमा रहेका सुपरमार्केटहरुसंग समन्वय गराउने र नगर भित्रका विद्यालयमा दिवा खाजाको रुपमा अनिवार्य रुपमा रैथाने बालीबाट बन्ने परिकार बनाउनु पर्ने नीति अबलम्बन गरिनेछ।

१०२. उत्पादन भएको वस्तुको वजारीकरणको लागी पालिका स्तरिय हाटबजार स्थापना तथा सञ्चालनका लागी संघीय तथा प्रादेशिक साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

१०३. कृषि वालि विमा  प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । कृषक लाइ आकस्मिक जोखिम न्यूनिकरणका लागि  सूचना प्रवाह नीति अवलम्वन गरिनेछ ।

१०४. कृषकलाई उत्पादन तथा बजारिकरणमा प्रोत्साहन स्वरुप मुख्य तरकारी बाली टमाटर, आलु, काउली, भेडे खुर्सानी, खुर्सानी, बोडी, सिमी, भिन्डी, भान्टा, करेला, काक्रा, फर्सी, चिचिन्डा, लौका आदिको न्युनतम बिक्रि मूल्य निर्धारण गरी निर्धारित मूल्य भन्दा कम मुल्यमा बिक्रि भएमा अन्तर बराबरको रकम कृषकलाई प्रोत्साहनको रुपमा सहयोग गर्ने नीति अबलम्बन गरिनेछ ।

१०५. कृषकलाई उत्पादन तथा बजारिकरण प्रविधिमा थप ज्ञान तथा सिपका लागी विषयगत तालिमको लागि गरिनेछ ।बुलबुले कृषि हाट बजारबाट नगरमा उत्पादन भएका स्थानीय कृषि उपजको अनिबार्य विक्री वितरण गर्न प्रबन्ध मिलाईनेछ ।

## छ - पशु विकास तर्फ

१०६. व्यबसायिक कृषकहरुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषकहरुको उत्पादनको आधारमा कृषि यान्त्रिकिकरणमा आबश्यक सहयोग गरिनेछ । पशुपालनमा लागत खर्च कम गरी पोषणमा सुधार ल्याउन बिभिन्न किसिमका हिउँदे, बर्षे, बहुबर्षे, डाँले तथा भुई घाँसहरु कृषकहरुको मागको आधारमा बितरण गरी उत्पादन र उत्पादकत्व बृद्धिमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७. कृषकहरुको लगानी सुरक्षित र क्षति न्यूनिकरण गर्न नगर क्षेत्रमा पशुपन्छी बिमा कार्यक्रमलाई बिशेष प्रथमिकताका साथ कार्यक्रमलाई अगाडि बढाउन समन्वय र सहकार्य गरी थप प्रभावकारी बनाइनेछ ।

१०८. पशुपन्छीको स्वास्थ्यका लागि बिभिन्न किसिमका औषधी उपचार सेवा, पशु स्वास्थ्य शिविर, महामारीजन्य रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०९. परम्परागत पशुपालन व्यबसायलाई व्यबसायिक पशुपालन पद्दतीमा रुपान्तरण गर्न पशुको भकारो सुधार कार्यक्रम गरी कृषकहरुलाई व्यबसायिकता उन्मुख हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

११०. पशुपन्छी सेवालाई छिटो, छरितो र व्यबस्थित बनाउन शाखा सञ्चालनमा आबश्यक पर्ने भौतिक सामाग्रीहरुको उचित व्यबस्था गरिनेछ ।

१११. नगरपालिकाको आर्थिक विकासको सम्भावनाको रुपमा रहेको पशुपन्छीपालन व्यबसायलाई बिशेष जोड दिदै पशु र पशुजन्य पदार्थहरुमा आत्मनिर्भर हुनको लागि पशुपन्छी संख्याको आधारमा र सेवाको पहुँच नपुगेको वडाहरुमा एक वडा एक पशु सेवा प्राविधिकहरुको व्यबस्था गरी कृषकहरुलाई घरदैलो सेवाको पहुँच बिस्तार गरिनेछ ।

११२. पशुपन्छी सेवालाई कृषकले प्रतक्ष्य अनुभव गर्ने गरी पछि नगर हस्पिटलमा टेवा पुग्ने गरी नगर डिस्पेन्सरी सेवाको बिस्तार गरी पशुपन्छी उपचार सेवा, प्राइमेरी ल्याब सेवा र कृतिम गर्भाधान सेवा सञ्चालन, व्यबस्थापन र बिस्तार गरिनेछ ।

११३. उपभोक्ताहरुलाई स्वस्थ दुध र मासु उपलव्ध गराउन डेरी र मासु पसललाई करको दायरामा ल्याउन बजार अनुगमन कार्यलाई निरन्तरता दिदै व्यापक सूचना सम्प्रेषण गर्ने र तथ्याङ्कलाई अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिदै नगरको राजस्व वृद्धिमा सहयोग पुग्ने बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११४. यस नगरपालिकाको पशु सेवा इकाई सञ्चालन भएका स्थानमा आबश्यक औजार उपकरण लगायतका सामाग्रीहरुको व्यबस्थापन गरी सेवालाई थप प्रभावकारी बनाइनेछ ।

११५. पशुजन्य पदार्थ उत्पादनमा मुख्य रुपमा असर पार्ने महामारीको रुपमा रहेका बिभिन्न पशुपन्छीका रोगहरु बिरुद्दको खोप कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ सञ्चालन गरी क्षति न्यूनिकरण गरिनेछ ।

११६. प्राविधिक तर्फ भेटेरिनरी बिषय अध्ययन गरी बेरोजगार रहेका युवायुवतीहरुलाई आत्मनिर्भर हुन पशुपन्छी तथा त्यससँग सम्बन्धित व्यबसाय प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगार हुने अबसर सिर्जना गरिनेछ ।

११७. हाल वीरेन्द्रनगर ११ समझिघाट स्थित भेरी नदि किनारमा रहेको गौशालालाई व्यवस्थित र दिगो रुपमा सञ्चालन गर्ने गरी निरन्तरता दिनको लागि स्वचालित ढंगबाट सञ्चालन हुने गरी आवश्यक पूर्वाधार निर्माणको लागि प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

**ज- पर्यटन, भाषा कला साहीत्य तथा संस्कृती तर्फ**

११८. नगर भित्र रहेका पर्यटकीय तथा दर्शनिय स्थलहरुको पहिचहान वोर्ड तथा डीजिटल प्रचार सामाग्री बनाई प्रचार प्रसार गरिनेछ ।

११९. नगर भित्र रहेका विभिन्न सार्वजनिक मठ मन्दीर, गुम्वा, चैत्य,मस्जिद, चर्चहरुको मर्मत सभार र संरक्षणमा जोड दिइनुका साथै स्थानीय लोक कलाको संरक्षण गर्न नगर भित्र रहेका पञ्चे बाजा, सारंगीको संवर्धन गर्दै वादन कला हस्तान्तरण तथा स्तरवृद्धिका कार्यक्रममा सहयोग गरिनेछ ।

१२०. कला साहित्य तथा संस्कृतिको प्रवर्द्धनमा विशेष योगदान पुग्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका गतिविधिहरुमा सहकार्य गर्दै स्थानीय स्तरका विभिन्न क्लब, प्रतिष्ठान, समूहहरुलाई प्रोत्साहन गरीने छ ।

**झ.सहकारी तथा गरीवी न्यूनीकरण तर्फः**

१२१. सहकारीलाई संघीय सरकारको नीति अनुसार क्रमशः एकिकरण तथा मर्ज गर्दै लैजाने र अत्यावश्यक र उत्पादन मुखी सहकारीलाई दर्ता गर्नका लागि भने उत्प्रेरित गरिनेछ । विगतमा दर्ता भई निस्कृय भएका र नयां सहकारी संस्थाहरुलाई क्षमता विकासका कार्यक्रमहरुका लागि सहकारी शिक्षा नेतृत्व विकास एवम् सहकारी व्यवस्थापन कर्जा जोखिम व्यवस्थापन लगायतका तालिमका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ । अनुगमनका कार्यलाई तिव्रता दिई सहकारीहरुको दर्ता, अनुमति, खारेजी र विघटन कार्यलाई निरन्तरता दिइनेछ ।

१२२. एक वडा एक सहकारी उत्पादनको कार्यक्रमका लागि सहकारीलाई उत्प्रेरित गरिनेछ । जसका लागि उत्पादन परिमाणका आधारमा अनुगमन गरी अनुदानको व्यवस्था गरी उत्पादन प्रवर्द्धनमा जोड दिइनेछ । हाल सञ्चालनमा रहेका वा नयां गठन हुने विभिन्न सहकारीहरुलाई वहुउत्पादन, प्रशोधन, तथा वजारीकरण तर्फ उन्मुख गराउन ती संस्थाहरुलाई प्रेरित गरिनेछ । सहकारीको माध्यामबाट विपन्न वर्गका सदस्यहरुको संलग्नतामा सञ्चालन हुने व्यवसायिक आयोजनाहरुलाई वित्तिय सहयोग को लागि सहजीकरण गरिनेछ ।

१२३. सवै सहकारीलाई चुस्त दुरुस्त वनाउनका लागि कोपोमिस सफ्टवेरमा आवद्ध गर्ने र सम्पति शुद्धिकरण सम्बन्धी ऐनमा व्यवस्था भए अनुसारका शुद्धीकरण मापदण्ड अवलम्वन गरिनेछ । यस आवमा कोपोमिस मा आवद्दताको संख्यालाई ५० प्रतिशतमा पुर्याइनेछ ।

१२४. गरीव घर परिवार पहिचान र परिचय पत्र वितरण कार्यका लागि परिवार सर्वेक्षणको कार्य यस बर्षमा सम्पन्न भएको गरीव पहिचान परिचय पत्र वितरण गरिनेछ। पहिचान भएका घरपरिवारहरुलाई परिचय पत्र वितरण गरी यसका आधारमा लाभग्राहीहरु छनोट गरी अवसर उपलब्ध गराउने छ ।

१२५. वैदेशिक रोजगारीबाट फिर्ता भएका व्यक्तिहरुलाई सामाजिक पुनः एकिकरणमा जोड दिदै उनीहरुले प्राप्त गरेका ज्ञान, सीप र उद्यमशीलतालाई उपयोग गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ । कोष स्थापना भएका सामुदायिक संस्थाहरु मार्फत परिचालन भएको अनुदान रकमको अवस्था अध्ययन गरी पुन: लगानीमा ध्यान दिइनेछ । सामुदायिक संस्थाहरुको चुस्त, दुरुस्त परिचालन गरिनेछ ।

१२६. सार्वजनिक निजी साझेदारीको माध्यामबाट स्थानीय पुँजी परिचालनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । स्थानीय आयोजना बैंकबाट सार्वजनिक निजी साझेदारीका आयोजना कार्यान्वयनमा प्रथामिकता दिइनेछ ।

**अ-उद्योग प्रवर्द्धन तर्फ**

१२७. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका लघु घरेलु तथा साना उद्योग व्यवसायहरुको लेखाङकन गरिनेछ । यस आव देखि रु ५ लाख सम्मको कम स्थिरपूंजी भएका उध्योगहरु नगरपालिकामा नै दर्ता गरी सञ्चालन गर्ने प्रवन्ध मिलाइनेछ ।

१२८. स्थानीय सरकारले **'उद्यमशीलता,रोजगारी र उत्पादन बृद्धि : हन्छ वीरेन्द्रनगरको समृद्धि'** नीति अवलम्वन गरी उपलब्ध स्रोत साधन,पुँजि,सीप एंव प्रविधिको अधिकतम उपयोगबाट औद्योगिक उत्पादकत्व र उत्पादन वृद्धि गर्ने गरी उद्योग क्षेत्रका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२९. नगरक्षेत्रभित्र सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगलाई अनुगमन तथा नियमन गरी आवश्यक्ता अनुसार राष्ट्रिय नीति अनुरुप स्तरोन्नती का लागि पहल गरिनेछ ।

१३०. महिला, दलित तथा विपन्न वर्ग लगायतका समूदायहरुको ब्यवसायीक उत्थानका लागि आवश्यक सीपमूलक तालिम प्रदान गरी व्यवसायिक निरन्तरताको लागि प्रविधी सहयोग,व्यवसायिक योजना तथा व्यवसायिक सचेतना लगाएतका कार्यक्रम सञ्चालन गरिनेछ साथै महिला स्वरोजगार कार्यक्रम अन्तरगत तालिम लिएका महिलाहरु लाई पेशामा आवद्ध हुनका लागि सामूदायीक साझा सुविधा केन्द्र मार्फत उत्पादन र बजारीकरणमा ध्यान दिइनेछ ।आगामि आ.व. मा ३५० जना नयाँ महिला लघु उद्यमिहरुको सिर्जना तथा स्तरोन्ती गरिनेछ ।

१३१. यस नगर क्षेत्रभित्र सम्भाब्य उद्यमी पहिचान गरी व्यवसाय प्रति जागरुकता/उत्सुकता जगाउन उद्यमशीलता विकास तालिम तथा Career Counselling लगायतका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिनेछ ।

## ट - भूमी व्यवस्थापन तर्फ

१३२. भूमीहिन दलित भूमीहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको निवेदन संकलन गरीएको छ । हाल लगत प्रविष्टको कार्य र राष्ट्रिय भूमी आयोगको समन्वयमा जग्गा नापजांच कार्य प्रारम्भ भई रहेकोमा आवश्यक जनशक्ति थप ब्यवस्थापन गरी जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउने कार्यलाई तिव्रता दिइनेछ ।

१३३. उपत्यका नगर वीकास समिति र वीरेन्द्रनगर नगपालीकाको स्वामित्वमा रहेका सरकारी जगेगाहरुको संरक्षणको नीति लिईनेछ ।विभिन्न सामाजिक संघ सस्थाको नाममा भोगाधिकार दिएका र ति संघ संस्थाहरुले प्रयोजन विपरित प्रयोग गरेको वा हालसम्म कुनै संरचना नबनी खाली रहेको जग्गाहरुलाई हाल लाई निर्णय नहुदा सम्म संरचना बनाउन रोक लगाउदै ति जग्गा हरुमा सवारी पार्किङ वा पार्कको रुपमा विकास गरी स्वच्छ सफा र वातावरण मैत्री व्यवस्थित नगर बनाईनेछ साथै सरकारी सार्वजानीक र खोला किनारको जग्गालाई पूर्ण रुपमा संरक्षण गरिनेछ ।

१३४. नगर विकास समितीको गुरु योजना र नगरपालिकाले निर्माण गरेको भु उपयोग नीती लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ ।नगरको भू उपयोग योजना अनुसार नक्सालाई GIS अध्यावधिक गरिनेछ ।

१३५. विस्तारीत नगर क्षेत्रका जमिनमा बढ्दै गएको अव्यवस्थित रुपमा जग्गा पलटीङ तथा बसोबास र सडक खोल्ने कार्यलाई निरुत्साहित गर्दै ल्याण्ड पुलिङको अबधारणा अनुसार बस्ती व्यवस्थापन व्यवस्थित गरिनेछ ।

## ठ- शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमः

१३६. वीरेन्द्रनगर नगरपालिकालाई उत्कृष्ट शैक्षिक केन्द्र बनाउने दूरदृष्टिका साथ निर्माण गरीएको १० बर्षे शिक्षा क्षेत्र योजनाका आधारमा शिक्षा सम्बन्धी बजेट तथा कार्यक्रमहरु क्रमशः तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१३७. नेपालको संविधानले मौलिक हकको रुपमा सुनिश्चित गरेको शिक्षा पाउने हकलाई कार्यान्वयन गर्दै वीरेन्द्रनगर नगरपालिका भित्रका विध्यालय सेवा क्षेत्र भित्रका कक्षा १ देखी १० सम्मका विद्यार्थि हरुलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ ।

१३८. नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम लागु गरी विद्यालयको शैक्षिक गुणस्तर बढाउदै जिर्ण भएका पुर्वाधारहरुको व्वस्थापन तथा निर्माण गरिनेछ र विद्यार्थीहरुलाई स्वच्छ वातावरणमा शिक्षा आर्जन गर्ने हक सुनिश्चित गरिनेछ ।

१३९. संस्थागत विद्यालय व्यवस्थापन कार्यविधी निर्माण गरी विद्यालयको शुल्कमा एकरुपता कायम गर्दै संस्थागत विद्यालयले दिने १०% छात्रवृति नगरपालिका मार्फत नगर भित्रका अति विपन्न तथा जेहेन्दार छात्र छात्राहरुले प्राप्त गर्ने व्यवस्था मिलाईनेछ ।

१४०. संस्थागत विद्यालयको भौतिक पुर्वाधार, पढाईको गुणस्तर, शिक्षक व्यवस्थापन लगायतका मूल्याङ्कनका आधारमा कार्यविधि तयार गरी श्रेणी मापन गरिनेछ ।

१४१. नेपालको कानुनले शिक्षामा अभिभावकले स्वेच्छिक सहयोग गर्न सक्ने प्रावधान उल्लेख गरेको छ । स्वेच्छिक सहयोग लिदा अभिभावकले स्वेच्छिक रुपमा गरीएको सहयोग मात्र लिन पाउने कार्यविधी बनाई नियमनलाई व्यवस्थित गरिनेछ ।

१४२. वीरेन्द्रनगर नगरपालाका क्षेत्रमा बसोबास गर्ने लक्षित उमेर समुहका विद्यालय बाहिर रहेका बालबालिका हरुलाई आधारभुत माध्यामिक शिक्षामा पहुँच अभिबृद्धि गरी विद्यालयमा निरन्तरता दिलाउन **"म बनाउछु मेरो नगरलाई शैक्षिक हब"** भन्ने नाराका साथ शिक्षा विकास कोष परिचालन गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

१४३. **"जहाँ विद्यार्थी त्यँहा शिक्षक"** भन्ने मुल नारालाई हृदयङ्गम गर्दै विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

१४४. विद्यालयमा शिक्षक तथा कर्मचारीहरुलाई प्रबिधि मैत्री तालिमको व्यवस्थापन गरी सिप विकास मा जोड दिईनेछ ।

१४५. शैक्षिक तथ्यांकको आधारमा विद्यालय तथा बालबिकास केन्द्रहरु समायोजन (एकिकरण) गर्ने नीति अबलम्बन गरीने छ ।

१४६. विपद् र संकटको समयमा बालबालिकाको सिकाइलाई सहज रुपमा निरन्तरता गर्न र अंग्रेजी, गणित तथा विज्ञान विषयमा रहेको शिक्षक अभावलाई पूर्ति गर्नका लागि स्थापित नगरपालिका स्तरीय सिकाइ सहजीकरण केन्द्रलाई थप आधुनिक र नतिजामुलक ढंगले सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

१४७. **"शैक्षिक गुणस्तरको सुधार बाल विकास कक्षाबाट शुरु गरौं"** भन्ने आदर्श वाक्यका साथ बाल विकास कक्षाहरुलाई थप व्यवस्थापन गर्ने नीतिलाई लागु गरिनेछ ।

१४८. विद्यालयको शैक्षिक र प्रशासनिक नेतृत्व निर्माण गर्नका लागि स्थायी शिक्षककहरु मध्येबाट योग्य र दक्ष शिक्षकलाई प्रधानाध्यापक व्यवस्थापन गर्ने कार्यलाई कार्यविधि बनाई अगाडि बढाइनेछ ।

१४९. सबै माध्यमिक विद्यालयहरुमा अनिवार्य रुपमा जुनियर रेडक्रस र नेपाल स्काउट सम्बन्धी कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्न सहजीकरण गरिनेछ ।

१५०. **हामी र हाम्रो वीरेन्द्रनगर** नामको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा ८ सम्म पाठ्यपुस्तक निर्माण गरी लागु गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१५१. आधारभूत र माध्यमिक तहका विद्यार्थीहरुमा अतिरिक्त क्रियाकलाप, खेलकूद, संगीत, योग र ध्यान जस्ता सीपहरुको विकास गर्ने कार्यमा आवश्यक सहजीकरण गरिनेछ ।

१५२. वीरेन्द्रनगर नगरपालिका क्षेत्रमा बसोवास गर्ने लक्षित उमेर समुहका प्रौंढहरुलाई साक्षर गराउनका लागि सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता कक्षा सञ्चालन गर्ने कार्यमा आवश्यक सहजीकरण गरिनेछ ।

१५३. विद्यालयमा शिक्षक र कर्मचारीको उपयुक्त व्यवस्थापन, क्षमता विकास र प्रोत्साहनका लागि आवश्यक कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५४. नगरपालिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको सेवा क्षेत्रमा रहेका बालबालिकाहरुलाई विद्यालयमा पहुँचको सुनिश्चितता गर्न आवश्यक सहजीकरण गरिनेछ ।

१५५. विद्यालय सुपरीवेक्षणलाई नतिजामुलक, आवश्यकता र मागमा आधारित बनाउनका लागि आवश्यक पर्ने जनशक्ति संघीय र प्रदेश सरकारसंगको साझेदारीमा व्यवस्थापन गर्नुका साथै विषयगत र समुह सुपरीवेक्षण गर्ने प्रणालीलाई अवलम्बन गरिनेछ ।

१५६. शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रदान गरीने सेवा प्रवाहलाई अनुमानयोग्य र जनमुखी बनाउन शाखाको प्रशासनिक व्यवस्थापनमा सुदृढीकरण गरिनेछ ।

१५७. विद्यालयहरुमा सुशासन अभिबृद्धि गर्नका लागि सामाजिक परीक्षण र लेखा परीक्षणजस्ता कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहजीकरण गरिनेछ ।

१५८. संस्थागत विद्यालय, मन्टेश्वरी, ट्यूशन तथा कोचिङ सेन्टर आदिको नियमन गर्दै संस्थागत रुपमा सञ्चालन भएका विद्यालयहरुको मापदण्ड तयार गरी वर्गीकरण र स्तरीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

**ङ-युवा तथा खेलकूद तर्फ :**

१५९. **युवा नगर विकास को खम्बा** भन्ने नाराका साथ यूवा लक्षित कार्यक्रम सञ्चालन गर्दै यूवा करियर गाइडेन्स सेन्टर स्थापना गरी कार्य प्रारम्भ गरिनेछ ।

१६०. यूवा उद्दमशिलता विकास कार्यक्रम मार्फत यूवालाई विदेश हैन विजनेश भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

१६१. उपमेयर संग यूवा कार्यक्रम सञ्चालन गरी नगर विकासमा यूवालाई जोडीनेछ ।

१६२. यूवालाई आर्थिक क्षेत्रमा जोड्न यूवा उद्दमशिलताको को विकास कार्यक्रमसञ्चालनमा ल्याईनेछ ।

१६३. प्रबिधीमा यूवा भन्ने नाराका साथ सुचना र प्रबिधी मार्फत यूवा शसक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१६४. यूवालाई प्रबिधीमा दक्ष बनाउने कार्यक्रम सञ्चालन मा जोड दिईनेछ ।

१६५. नगर खेल कुद विकास समिति मार्फत यूवा खेलकुद विकासमा जोड दिदै स्वास्थको लागी नगरको लागी खेलकुद र रास्ट्रको लागी खेलकुद भन्ने नाराका साथ खेल प्रर्बद्धनको नीति लिईनेछ ।

१६६. युवाको उमेर समूह (१६—४० बर्ष) को आवश्यकतालाई दृष्टिगत गर्दै शिक्षा आर्जन तथा वृत्तिको अवसरको खोजीमा रहेका युवालाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१६७. समाजमा विद्यमान गरीबी, अशिक्षा, छुवाछुत, कुरीति, लैङ्गिक हिंसा, विभेद र विषमता एवम् विपद् जस्ता समस्या वा जोखिम हटाउन युवा परिचालन गर्ने नीति लिइनेछ ।

१६८. वीरेन्द्रनगर नगरपालिकाको प्रतिनिधित्व गरी देशका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभाहरुलाई नगरपालिकाको तर्फबाट सम्मान गरिनेछ ।

१६९. विद्यालयमा अध्ययनरत बालबालिकाहरुको खेलकुद क्षेत्रमा विकास गर्नका लागि नगरपालिकामा सञ्चालित सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा क्रमशः खेलकुद प्रशिक्षकको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । प्रदेश र राष्ट्रको खेल क्षेत्रको विकास र विस्तारमा योगदान पुर्‍याउने अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेश र जिल्लास्तरका खेलाडी, प्रशिक्षक, खेलकर्मी तथा खेलकुदसँग सम्बन्धित व्यक्तित्वहरूलाई निश्चित मापदण्डका आधारमा सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।

१७०. स्वास्थ्यका लागि खेलकुद भन्ने आदर्श वाक्यका साथ नगरपालिकास्तरमा राष्ट्रपति रनिङ सिल्ड तथा मेयर र उपमेयर कप सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७१. एक वडा एक खेलमैदानलाई निरन्तरता दिईने छ ।

१७२. जेष्ठनागरीकको अनुभवलाई विद्यालयमा सिकाई आदान प्रदानको रुपमा लिईने छ ।

**ढ- स्वास्थ्य तर्फ**

१७३. जनस्वास्थ्यको संरक्षण र प्रवर्धन गर्नका लागि प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवाको बिकास तथा बिस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुयाइने छ।

१७४. नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईने छ ।

१७५. यस नगरपालिका अन्तरगत सञ्चालनमा रहेको नगर अस्पताललाई महिला तथा बालबालिका अस्पतालको रुपमा स्तरोन्नती गरिनेछ ।

१७६. स्वास्थ्य संस्थाहरुलाई बालवालिका, किशोर किशोरी, अपांग, जेष्ठ नागरीक मैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गरीने छ ।

१७७. स्वास्थ्य संस्थाबाट निशुल्क दिईने औषधी र आवश्यक स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन अटुट रुपमा मिलाईने छ ।

१७८. गर्भवति महिलाहरुलाई निःशुल्क भिडियो एक्स रे सेवा सञ्चालनलाई निरन्तरता दिइनेछ । वडा नं १३ देखी १६ सम्म सामुदायीक भिडियो एक्स रे सेवा सञ्चालन गरिनेछ ।

१७९. यस पालिका अन्तरगतका गर्भवती महिलालाई प्रसुति सेवाको लागी निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरीने छ ।

१८०. सुत्केरी महिलहरुलाई घरमै गै स्वास्थ्य कर्मीहरुद्वारा निशुल्क जाँच तथा परामर्श सेवा दिइने छ ।

१८१. अति विपन्न नागरीकहरुको निशुल्क स्वास्थ्य वीमाको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१८२. मर्यादित महिनावारी र सरसफाई लाई महिला मैत्रि र किशोरी मैत्री बनाई प्रभावकारी कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य संस्थाबाट र विद्यालयबाट निशुल्क सेनेटरी प्याड वितरणलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

१८३. महिलाहरुका स्वास्थ्य समस्याहरुको पहिचान, निदान तथा उपचार गर्नका लागि नियमित तथा बिशेष शिविरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा महिलाहरुको पाठेघरको मुखको क्यान्सरको जाँच, पाठेघर खस्ने समस्याको जाँच, स्तन क्यान्सरको जाँच तथा फिस्टुलाको जाँच र निशुल्क अप्रेशनको व्यवस्था मिलाउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१८४. स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड अनुरुप नियमित रुपमा लेखाजोखा गरी कार्ययोजना निर्माण गर्ने र कार्ययोजनाको कार्यान्वयन गरीने छ ।

१८५. सबै स्वास्थ्य संस्थाहरुबाट दिइएको सेवालाई जवाफदेही बनाउन सामाजिक परिक्षण र सार्वजनिक सुनुवाइ कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

१८६. स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरूलाई स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरी सञ्चालन गरीने छ ।

१८७. मदिरा तथा सुर्तिजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गरीने छ । सार्वजनिक स्थानमा मदिरा तथा सुर्तिजन्य पदार्थको प्रयोग तथा बिक्रि वितरणलाई पूर्ण रुपमा बन्देज गरिनेछ ।

१८८. स्वच्छ बिद्यालय बाताबरण, बिद्यालय पोषण, जुकाको औषधि वितरण, स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि विद्यालय नर्स कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१८९. नगरपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समय वद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ । साथै यस वर्ष थप स्वास्थ्य संस्थाहरुमा विद्युतिय स्वास्थ्य सुचना अभिलेख तथा प्रतिवेदन प्रणाली (EHIRRS) विस्तार गर्दै लगिने छ ।

१९०. स्थानीय संचार माध्यम (छापा, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जाल) मार्फत नियमितरुपमा नगर स्वास्थ्य कार्यक्रम, स्वास्थ्य सम्बन्धी जानकारीहरु र सन्देशहरु प्रवाह गरिनेछ ।

१९१. उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, मुटुरोग, अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न वडा स्तरका आधारभूत स्वास्थ्य संस्थाबाट जेष्ठ नागरीकहरुका लागि विशेष एकिकृत अभियान सञ्चालन गरीने छ ।

१९२. सरुवारोग, महामारी, प्राकृतिक प्रकोप तथा बिपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य एवम् पुनःस्थापनाको एकिकृत रुपमा व्यवस्थापन गरीने छ ।

१९३. गुणस्तरीय निदानात्मक स्वास्थ्य सेवा प्रवाहका लागी नगर भित्रका स्वास्थ्य संस्थामा हाल सञ्चालित E वर्गको ल्याव लाई थप गुणस्तरीय बनाईनेछ ।

१९४. महिला स्वयम सेविकाहरुको सम्मान गर्ने, हौसला बढाउन र निरन्तर प्रोत्साहन गर्ने कार्यक्रमहरु जस्तै म.स्वा.स्व.से.हरुको सामूहिक स्वास्थ्य वीमा, यातायातको सुविधा तथा खाजा व्यवस्थापन र स्वेच्छिक अवकाश हुदा नगरवाट प्रोत्साहन भत्ताको व्यवस्था गरीने छ ।

१९५. खोप अभियानलाई निरन्तरता दिदै पूर्ण खोप पालिका दिगोपना र सुनिश्चितता कायम गरीने छ ।

१९६. नगरभित्रका स्वास्थ्य संस्था तथा खोपकेन्द्र, गाउघर क्लिनिक लाई सुव्यवस्थित बनाई सेवालाई गुणस्तरिय बनाउन भौतिक पूर्वाधार, फर्निचर तथा आवश्यक औषधि उपकरण औजारको व्यवस्था मिलाइने छ ।

१९७. नगरभित्र रहेका थारु समुदायमा सिकलसेल एनिमिया रोगको परिक्षण तथा उपचार गर्न कर्णाली प्रदेश अस्पताल संग सहकार्य गरीने छ ।

१९८. नगरपालिका अन्तर्गत टाढा भएका वडाहरुमा विशेषज्ञ सहितको स्वास्थ्य शिवीर सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

१९९. नगरभित्रका वासिन्दाको आँखाको मोतिविन्दुको निशुल्क अप्रेशन गर्न आँखा अस्पताल संग समन्वय तथा सहयोग गर्ने नीति लिइनेछ ।

२००. नगरपालिका अन्तरगतका दुर्गम क्षेत्रहरुमा दन्त शिविरको सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

२०१. ८० वर्ष उमेर पुगेका जेष्ठ नागरीकहरु र क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्यकर्मीहरु द्वारा घरमै गै निशुल्क स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईने छ ।

२०२. स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिबृद्धिका लागि तालिमको व्यवस्था गरीने छ । स्वास्थ्य संस्था व्यवस्थापन समिति, गुणस्तर सुधार समितिहरुको बैठक नियमित गरीने छ ।

२०३. आर्युवेदिक प्रद्धतिलाई पनि जनसमुदायको पहुँचमा पुर्याउन आयुर्वेदिक सिविर सञ्चालन तथा आरोग्य केद्रहरुलाई थप सुविधासम्पन्न गराईने छ ।

२०४. यस नगरपालिका अन्तरगतका विद्यालयहरुमा स्वास्थ्य तथा पोषण शिक्षा कार्यक्रम सञ्चालन गर्ने कुपोषण बाट वचाउनका लागि पोशिलो खानाको प्रवर्धन गर्ने । कुपोषित बालबालिका लाई सर्वोत्तम आहार प्रदान गरीने छ । विद्यालय आईरन कार्यक्रमलाई निरन्तरता दिने ।

२०५. कुपोषित बालबालिकको उपचारका लागि पोषण उपचार केन्द्रमा निशुल्क उपचारको व्यवस्था मिलाईने छ ।

२०६. स्तनपान कक्ष नभएका स्वास्थ्य संस्थाहरुमा स्तनपान कक्षको व्यवस्थापन गरीने छ ।

२०७. हस्पिटल जन्य फोहोरमैलालाई उचित रुपमा विसर्जनको व्यवस्था मिलाईने छ ।

२०८. यस नगरपालिका भित्रका सम्पूर्ण व्यक्तिहरुलाई कोभिड १९ विरुद्धको थप मात्रा (वुस्टर) खोप लगाइने व्यवस्था मिलाईने छ । तथा नगरभित्र समुदाय स्तरसम्म कोभिड १९ को नियन्त्रण गर्न एन्टीजिन तथा पि.सी.आर परिक्षण गर्ने व्यवस्था मिलाईने छ ।

२०९. यस नगरपालिका अन्तरगत मापदण्ड अनुसार नभएका स्वास्थ्य संस्थाको प्राथमिकता अनुसार भवन निर्माण गर्ने तथा पुराना संरचनाको मर्मत, संभार, फर्निचर र औजार उपकरणको व्यवस्था गरीने छ ।

२१०. स्वास्थ्य क्षेत्रमा कामगर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु संग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवालाई थप सुदृढिकरण गराईने छ ।

२११. अति विपन्न नागरीकहरुलाई वडाको सिफारिषमा सम्बन्धित अस्पतालमा निशुल्क औषधि उपचारका लागि सिफारिस गरिनेछ । साथै तोकिएका दिर्घ रोगिहरुलाई मासिक औषधि उपचार खर्च उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

२१२. नगरपालिकाभरिमा सम्पुर्ण सरकारी तथा निजि स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न एक निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।

२१३. स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

२१४. स्वास्थ जीवनशैली विकासका लागि नगरले रणनीतिक स्थानहरु छनौट गरी खुला व्यायामशालाहरु तथा योगा कक्षाहरु सञ्चालन गरिनेछ । योग शिक्षा सम्बन्धी जानकारीमुलक तथा सुचना सामाग्रीहरु प्रकाशन तथा प्रसारण गरिनेछ ।

२१५. नगरपालिका भित्र सञ्चालन भई भवन नभएका शहरी स्वास्थ्य केन्द्र रतु देविस्थान वी. न. पा.-१५ र वि. न. पा.- ९ पर्सेनीमा स्वास्थ्य संस्था भवन निर्माणको थालनी प्रकृया अगाडी बढाईने छ ।

२१६. स्थानीय स्तरमा स्वास्थ्य सेवाको पहुँच र उपयोग बृद्दि गर्नका लागि स्वास्थ्य आमा समूह र टोल विकास समितिलाई संयुक्तरुपमा पुर्नजागरण गरीने छ ।

२१७. कार्यसम्पादनका आधारमा स्वास्थ्य संस्थाहरु र स्वास्थ्य कर्मचारीहरुको मूल्यांकन गरी उच्च कार्यसम्पादन गर्ने स्वास्थ्य संस्था र कर्मचारीलाई पुरस्कृत तथा प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

ण-**महिला वालबालिका तथा जेष्ठ नागरिक तर्फ** :

२१८. बालवालिकाको सर्वांगिण विकासका लागि विभिन्न खुल्ला प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ । नगरलाई आगामी ३ वर्षमा बालबिवाहा मुक्त नगर घोषणा गर्ने गरी बिभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रममा प्रदेश सरकार र विकास साझेदार संग समन्वय गरिनेछ । बालश्रममूक्त नगर बालमैत्री नगर निर्माणका लागि विभिन्न अभियानात्मक कार्यक्रम सञ्चालन गरी बाल अधिकार सुनिश्चित गरीने छ ।बालबालिकाको शिक्षामा सहज पहूंच स्वास्थ्यमा सहज पहूंच सहित शिक्षा स्वास्थ्य र सुरक्षाको सुनिश्चितता गरिनेछ ।

२१९. नगरपालिकाले बाल विवाह र बाल श्रम मुक्त नगर घोषणा गर्दे नगरलाई बालमैत्री नगरका रुपमा विकास गर्न नगरका कम्तीमा २५ प्रतिशत वडालाई चालू आ व भित्रै बालमैत्री घोषणा गर्ने र अन्य वडालाई समेत बालमैत्री घोषणा गर्न कार्ययोजना निर्माण गरी अगाडी वढाईनेछ ।

२२०. नगरपालिकाबाट गठन हुने बाल बालिकासंग प्रत्यक्ष सरोकार राख्ने विभिन्न विकासात्मक समिति जस्तै स्वास्थ्य संस्था ब्यवस्थापन, विद्यालय ब्यवस्थापन जस्ता समितिहरुमा आमन्त्रित सदस्यको रुपमा समूहमा बाल सहभागिताको सुनिश्चित गरीने छ ।

२२१. महिलाहरुको आवश्यक्ता र मागका आधारमा सीप अनुसारका उत्पादित वस्तुलाई संकलन गरि बजारीकरण गरिनेछ ।**एक घर एक महिला स्वरोजगार नगरको समूद्धिको आधार** नीतिलाई निरन्तरता दिइनेछ । लैङ्गिक समानता, अपाङ्गता सामाजिकिकरण (GEDSI) नीतिका आधारमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२२२. जेष्ठ नागरिकलाई प्रतेक वडामा सरकारी तथा निजी अस्पताल सँगको सहकार्यमा **बुवा आमा सँग सन्चो विसन्चो** का लागि भेटघाट कार्यक्रम सञ्चालन गरी सुगर तथा प्रेसरको नि:शुल्क चेक जाँच स्वास्थ्य शिविरको व्यवस्थाका लागि जनशक्ति परिचालन गरिनेछ ।

**त-सामाजिक सघं संस्था तथा समावेशीकरण तर्फ :**

२२३. नगरपालिकाबाट सञ्चालन गरीने लक्षित वर्ग दलित, जनजाती, वादी, मुक्त हलिया तथा अन्य लोपोन्मुख समुदायहरुलाई जनचेतनामूलक उत्पादन र सामाजिक सशक्तिकरण कार्यक्रमका अतिरिक्त सीपविकास उद्धमशिलता र उत्पादनका क्षेत्रमा लाग्नका लागि उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२४. नगरपालिकालाई कार्यक्षेत्र तोकेका गैर सरकारी सघं संस्थाहरुको विषयगत क्षेत्र वर्गिकरण गरी एकद्वार प्रर्णाली मार्फत सञ्चालनको व्यवस्था मिलाईनेछ । साथै गैर सरकारी सघं संस्थाहरुलाई कार्यक्रम सञ्चालन गराउँदा नगरपालिकाले प्रथामिकता तोकेका कार्यक्रमहरु सञ्चालन गर्ने गरी योजना बनाइनेछ ।

२२५. टोल विकास संस्थाहरुलाई व्यवस्थित बनाउनका लागि टोल विकास सञ्चालन कार्यविधी बमोजिम विकास निर्माण र सामाजिक परिचालनको एउटा सशक्त आधारभूत निकायको रुपमा विकास गर्न क्षमता विकासका कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालनमा ल्याइनेछ ।टोल विकास संस्थाहरुलाई अधिकारमुखि कार्यक्रमका अतिरिक्त कर्तव्यमा आधारित कार्यक्रमका लागी समेत सहजीकरणमा जोड दिइनेछ ।वडाबाट सञ्चालन हुने कार्यक्रमको अभियानका लागी सामुदायिक प्रशिक्षक हरुलाई परिचालन गरिनेछ ।

२२६. हाल सञ्चालनमा रहेका स्थानीय विकास कोष र साझेदारी विकास कोषको रकमलाई विभिन्न व्यवसाय गर्न चाहानेहरुका लागि उक्त कोषमा दायरा फराकिलो बनाई उद्योग ,व्यापार र व्यवसाय सञ्चालनमा आकर्षित गरिनेछ ।

२२७. सामाजिक कुरिति कुसंस्कार विरुद्ध अभियानात्मक र प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरी समृद्ध न्याय र समतामूलक समाज निर्माण तर्फ उन्मुख गराइने छ ।

२२८. जातीय छुवाछुत मुक्त नगर निर्माण गर्न बिभिन्न अभियानहरु सञ्चालन गरिनेछ । नगर क्षेत्रमा कुनै पनि परिवारले जातिय छुवाछुत र विभेद गरीएको पाईएमा पिडितलाई कानूनी उपचारमा जानलाई नगरपालिकाले सहयोग गर्नेछ र विभेद रहित नगर निर्माण गर्ने छ ।

**थ- सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फः**

२२९. ब्यक्तिगत घटना दर्ता समयमा नै गर्नका लागि प्रचार प्रसार तथा वडाहरुमा घटना दर्ता शिविर सञ्चालन, स्थानीय पञ्जीकाधिकारीहरुलाई अभिमुखिकरण, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको तथ्याङ्क अध्यावधिक, ब्यक्तिगत घटना दर्ताका हस्तलिखित रजिष्टरहरु डिजिटाइजेसन सम्बन्धि कार्यलाई निरन्तरता दिइने छ भने चालू आ.व. भित्रै कम्तीमा २५ प्रतिशत वडाहरुलाई पूर्ण जन्म दर्ता भएको वडा घोषणा गरिनेछ ।

२३०. हाल प्रदान गरीरहेको सामाजिक सुरक्षा भत्तालाई अझ बढि सहज वनाउनका लागि सम्वन्धित लाभग्राहीहरुको मागको आधारमा कम्तीमा अपाग र अशक्तहरुका लागि बैंकसंगको समन्वयमा घर घरमा नै पुर्याइने नीतिलाई प्राथामिकता दिइने नीति लिईने छ ।

**द- फोहरमैला, सरसफाई, तथा स्वच्छता ब्यवस्थापनः**

२३१. घरधुरीको सवै फोहर छुट्याई कुहिने फोहरलाई मलका रुपमा प्रयोग गर्ने ५० घर धुरी भन्दा बढी सदस्य रहेको टोल विकास संस्थालाई वडा समितिको टोल क्षेत्रको सरसफाई अनुगमन तथा सिफारिसमा प्रतिवर्ष सरसफाई तथा हरियाली प्रवर्द्धन प्रोत्साहन स्वरुप नगद पुरस्कार सहित सम्मान गरिनेछ ।

२३२. उपत्यका भित्रका सवै वडाहरुमा फोहर सेग्रीगेशन र प्लाष्ट्रिक झोला नियन्त्रणका अभियान तथा जनचेतनात्मक कार्यक्रमलाई निरन्तरता दिदै, अभियान सञ्चालनमा विभिन्न गैर सरकारी संघ संस्था तथा क्लवहरु परिचालन गरिनेछ ।

२३३. वडा कार्यालयको समन्वयमा भान्साको फोहर घरमै ब्यवस्थापन गर्न बजार क्षेत्रमा गृहिणी लक्षित कौशी खेती कार्यक्रम सञ्चालन गरिनेछ ।

२३४. प्रत्येक वडामा कुहिने फोहर र नकुहिने फोहर संकलन गर्ने गरी वडाकार्यालय र नीजि क्षेत्रसंगको समन्वयमा फोहर संकलन कार्यतालिका सार्वजनिक गर्दै समयमा फोहर संकलन नगर्ने र तोकिएको समय भन्दा अन्य समयमा फोहर निश्कासन गरी फाल्ने दुवैलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ ।

२३५. फोहर ब्यवस्थापन प्रकृयामा बढी भन्दा बढी टोल विकास संस्थाहरुलाई जिम्मेवार बनाउन जथाभावि फोहर फाल्ने तथा जलाउने ब्यक्ती, संघ संस्थालाई टोल विकास संस्थाले नगरपालिकावाट तोके बमोजिम जरिवाना गर्न पाउने र संकलित जरिवानालाई टोल विकास संस्थाले बातावरण संरक्षण तथा फोहर ब्यवस्थापन क्षेत्रमा खर्च गर्न पाउने गरी टोल विकास संस्थाहरुलाई अधिकार प्रत्यायोजन सहित परिचालन गरिनेछ ।

२३६. नीजि क्षेत्रसंगको सहकार्यमा सेग्रीकेसन गरीएका कुहिने फोहरबाट ग्यास तथा कम्पोष्ट प्लान्ट सञ्चालन र नकुईने फोहरलाई नगरपालिकाको सेग्रीगेशन सेन्टरमा सेग्रीगेशन गरी सोको विक्री वितरण, नगर भित्रै पुन: प्रयोग तथा चक्रियक्रणको संभावना खोजी गरिनेछ ।

२३७. फोहर ब्यवस्थापनमा सलग्न युवा तथा पिछडिएका वर्गहरुलाई फोहरमैला व्यवस्थापनका श्रृजनशील क्षेत्रमा काम गर्न प्रेरित गर्दै फोहरमैला व्यवस्थापनलाई आय आर्जनसंग जोड्न निजी क्षेत्र, साझेदार संस्था लगायत गैर सरकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।

२३८. स्वास्थ्य संस्थाजन्य फोहरलाई व्यवस्थित गर्नका लागि गैर सरकारी संघ संस्था र निजी क्षेत्रसंग सहकार्य गरी अगाडी बढाइनेछ । ल्याण्डफील साईट प्रभावित क्षेत्रको वातावरण, सरसफाई तथा स्वास्थ्य प्रवर्द्धनका लागि स्थानीयवासीसंगको सहकार्य गरी विभिन्न गतिविधिहरु सञ्चालन गरिनेछ ।

२३९. नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको पूर्ण सरसफाई उन्मुख, सफा र स्वच्छ तथा आधारभूत सूचक पूरा भएको वातावरण मैत्री नगर घोषणा निर्माणका लागि प्रत्येक वडाको योजना बनाई अभियानकै रुपमा अगाडी वढ्न गैर सरकारी संघसस्था तथा दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

२४०. नगरपालिका भित्रका सार्वजनिक शौचालयहरुको ब्यवस्थित सञ्चालनका गराउन नियमित अनुगमनको संयन्त्र वनाई, उपत्यका भित्रका महत्वपूर्ण स्थानहरुमा थप सार्वजनिक शौचालय निर्माणमा प्रदेश सरकार तथा अन्य विकास साझेदार निकायहरुसग सहकार्य गरिनेछ ।

२४१. विद्यालय तथा स्वास्थ्य संस्थाहरुको खानेपानी तथा सरसफाईको गुणस्तर सुधार एवं प्रयोगकर्ता मैत्री संरचना निर्माण र ब्यवहार परिवर्तन ज्ञान सीप विकासमा गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

२४२. हाल सञ्चालनमा आएको दिशाजन्य लेदो ब्यवस्थापन प्लान्ट ब्यवस्थित ढंगवाट सञ्चालन गर्दे थप विस्तारका लागि विकास साझेदारहरुसंग सहकार्य गर्ने । पालिकावाट स्वीकृत गरी दिशाजन्य लेदो ब्यवस्थापन मापदण्ड बमोजिम निजीक्षेत्रसंग सहकार्य गरी प्रभावकारी सेवा प्रदान गरिनेछ । काम गर्ने जनशक्तिको क्षमता विकास र सुरक्षा मापनलाई अनिवार्य गराउन विकास साझेदारहरुसंग सहकार्य गरिनेछ ।

२४३. नगरपालिकाको ल्याण्डफिल साइट गुरुयोजना बमोजिम निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरुसंग सहकार्य गरिनेछ ।

२४४. नगरभित्रका सार्वजनिक खोलाहरु सरसफाई तथा खोलाको दुबै किनारमा हरियाली प्रबर्द्धन गर्ने कार्य वडा समितिको नेतृत्वमा अभियानकै रुपमा अगाडि वढाइनेछ ।

२४५. शवदाह स्थल निर्माणका लागि योजना बनाई निर्माणका लागि प्रदेश तथा संघीय सरकारसंग सहकार्य गरिनेछ ।

२४६. फोहर ब्यवस्थापनमा संलग्न अभियन्ता, फोहर ब्यवस्थापनका लागि विश्वविद्यालय/ विद्यालयका विद्यार्थीहरु, युवा क्लव र टोल विकास संस्थाहरुको परिचालन मार्फत व्यवस्थित परिचालन गरिनेछ । नगरको फोहरबाट बायोग्यास बनाउन वैकल्पिक उर्जा र केपी व्यवसायी र यस नगरपालका विच भएको सम्झौतालाई ग्यास उत्पादन तथा फोहरमैला व्यवस्थापनमा जोड दिइनेछ ।

**ध- विपद व्यवस्थापन**ः

२४७. प्रत्येक वडा र नगरमा रहेको विपद् व्यवस्थापन कोषलाई वृद्धि गर्दै सोको परिचालन कोष परिचालन विपद कोष परिचालन कार्यविधि बमोजिम गरी नगर भित्र हुने विपद्का लागि तत्काल राहतको प्रवन्ध गर्ने ब्यवस्था मिलाईनेछ ।

२४८. नगरपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्दे गरिनेछ, विपदको समयमा प्रतिकार्य गर्न प्रतिकार्य टोली गठनगरी क्षमता विकास गर्न गैर सरकारी संघ सस्था र दातृ निकायहरुसंग सहकार्य गरिनेछ ।

२४९. सम्भावित विपद्संग सामना गर्न आवश्यक औजार सहितको संयन्त्र निर्माण गर्नका साथै विभिन्न स्थानमा विपद्को पुर्वसूचना प्रणाली स्थापनाका लागि प्रदेश सरकार, तयार नेपाल लगायत सरोकारवाला संघ, सस्थासंग समन्वय गरिनेछ ।

२५०. साझेदार निकाय लगायत सहयोगी संघ संस्थासंगको सहकार्यमा आपतकालीन केन्द्र सञ्चालनमा ल्याइनुका साथै राहत सामग्री भण्डारण केन्द्र स्थापना गर्न प्रदेश सरकार लगायत सहयोगी निकायहरुसंग पहल गरिनेछ ।

२५१. भान्साको आगो नियन्त्रणलाई विशेष जोड दिंदै गृहणीहरुको क्षमता विकास र थप अग्नी नियन्त्रण उपकरणका लागि संघ, प्रदेश सरकार र अन्य साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ ।

२५२. विपदका लागि उत्थानशील नगर निर्माणका लागि आवश्यक नीति तथा योजना निर्माण र विद्यालय, टोल, वडा तथा नगर तहका विपदसंग सम्वन्धित संरचनाहरुको कृयाशिलता वढाई यसमा सलग्न पदाधिकारी तथा स्वयंसेवकहरुको क्षमता विकासका काम गर्न साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

२५३. विपद् ब्यवस्थापनमा सहयोग पुग्ने उत्थानशील पुर्वाधार आयोजना निर्माणमा नगरपालिका र साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

**न- वन, वातावरण संरक्षण, शहरी सौन्दर्यता**

२५४. नगरपालिका भित्रका १० लाख भन्दा ठूला पूर्वाधार आयोजनाहरुमा कम्तिमा ५ प्रतिशत रकम वातावरणमा योगदान पुग्ने कार्य अनिवार्य गराउने गरी आयोजनाको डिजाइन स्टिमेट गरी कार्यान्वयन गर्ने गरी व्यवस्था मिलाइनेछ ।

२५५. कांक्रेविहार पर्यटक क्षेत्रलाई पर्यटकिय क्षेत्र विकास गर्नका लागि कांक्रेविहार चिडियाखानाको रुपमा विकास गर्न विकास साझेदारका लागि संघ र प्रदेश संग समन्वय गरिनेछ ।

२५६. वन, जंगल, वन्यजन्तु, तथा जैविक विविधता सम्वन्धि स्थानीय कानून तर्जुमा गरी हरित नगरका गतिविधि प्रवर्धन तथा नियमन गरिनेछ ।एक वडा, एक वन उद्यमको रणनीति अवलम्वन गर्दै सामूदायिक वन उपमोक्ता समूहमा वन उद्यम विकास कार्ययोजना बनाई लघु ,सान तथा मझौला प्रकारका वन उद्यमको विकास गरी हरित रोजगारी प्रवर्दन गर्न सामूदायिक वन उपभोक्ता समिति तथा विकास साझेदारहरु संग सहकार्य गरिनेछ ।

२५७. एक सामूदायिक वन, एक पानी पोखरीको अभियान सञ्चालन गरी पर्यापर्यटनमा टेवा पुर्याउन सामूदायिक वन उपभोक्ता महासंघ लगाएत अन्य सरोकारवालाहरुसंग सहकार्य गरिनेछ ।

२५८. प्रत्येक वडामा रहेका सार्वजनिक ढुंगेधारा, कुवा, पानी मूल तथा सिमसार क्षेत्रको लगत संकलन गर्दै यीनीहरुको सम्वर्धनका लागि योजना निर्माण गरी संरक्षणको ब्यवस्था मिलाइनेछ ।

२५९. नगर भित्र नयाँ निर्माण गरीने कालो पत्रे सडकका क्षेउमा अनिवार्य वृक्षारोपणको कृयाकलाप समावेश गर्ने गरी आयोजना सञ्चालन गरिनेछ ।

२६०. नगरको हरियाली प्रवर्धनमा टेवा पुर्याउन सरोकारवालाहरुसंग सहकार्य गर्दे हरियाली स्वयं सेवक समूह निर्माण गरी परिचालन गरिनेछ ।

२६१. नगरलाई हरियाली वनाउन आवश्यक विरुवा नगर भित्रकै सामुदायिक वनका नर्सरीवाट उत्पादन गराउन सामुदायिक वन उपभोक्ता समितिहरु संग सहकार्य गरिनेछ ।

२६२. काँक्रिबिहार क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका लागि काँक्रिबिहारलाई चिडिया खानाको रुपमा विकास गर्न र सो क्षेत्रमा रहने बन्यजन्तु तथा चराचुरुङ्गीको बासस्थान र पानीको व्यवस्थापन गर्न संघीय सरकार र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

२६३. वीरेन्द्रनगरको उत्तरी जलाधार संरक्षणका लागि प्रदेश सरकार र संघीय सरकारसंग पहल गरिनेछ । वीरेन्द्रनगरलाई हरित नगर (Green City) का रुपमा विकास गर्न एक घर दुई बिरुवा कार्यक्रम लाई निरन्तरता दिदै यसलाई अभियानकै रुपमा अघि लगिनेछ ।

२६४. घर धुरीको भान्सा, वाथरुम तथा आकासे पानीको ब्यवस्थापनका लागि घर परिसर मै रिचार्ज तथा पुर्नभरण स्थान बनाउन घरको नक्शापासका क्रममा आवश्यक सहजीकरण गर्न घरधनी प्राविधिक तथा डकर्मीहरुलाई सचेतना गर्दे नक्शापास प्रकृयामा समेत समावेश गरिनेछ ।

२६५. ग्रामीण वडाका सडकहरुमा फलफुल तथा बहुवर्षे डालेघांसवाट सडक सजावट गर्ने स्थानीय वासीलाई प्रेरित गरिनेछ ।

२६६. जलवायू अनुकुलन योजना निर्माण गर्दै, जलवायू अनुकुलन खेति र फलफूल वगैंचा निर्माणलाई प्रोत्साहन गरिनेछ ।

२६७. सडकमा छोडिएका पशु चौपायालाई नियन्त्रणका लागि अभियान सञ्चालन गर्नका साथै संकलित पशु चौपायलाई नगरको गौशाला लगाएत वाह्य जिल्लामा समेत माग बमोजिम वोडर्स नीति अवलम्वन गरिनेछ ।

२६८. विधुतीय चुलो, सौर्य ऊर्जा र वायो ग्यास विस्तारमा विशेष जोड दिइनुका साथै नगरका महत्वपूर्ण सडकका रुखहरुलाई छटान तथा सजावटका कार्य गर्दै सडक सौन्द्धर्य प्रर्वद्धन कार्य गरिनेछ ।

२६९. नगर भित्र लगाइएका विरुवाहरुको संरक्षण तथा गोडमेल गर्न आवश्यक जनशक्तीको परिचालन तथा संरक्षणको जिम्मेवारी हस्तान्तरण गर्न स्थानीय संघ संस्था तथा निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

२७०. वीरेन्द्रनगर भित्र विभिन्न वडामा रहेका प्रमुख चौकहरुमा हुन सक्ने जोखिम न्यूनीकरणका लागि जोखिम युक्त चौकहरु सडक मापदण्ड अनुसार क्लियर गरी चोक सजावट र हरियाली प्रवर्द्धन समेत गरिनेछ ।

२७१. सडक बत्ती लगायत शहरी सौन्दर्य एवं ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरी, टोल विकास संस्था र निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

२७२. नगर क्षेत्रका सर्वजनिक स्थलहरु जस्तै खुल्ला चौर, खोला सडक र नालाको अवरोध हटाउने जस्ता कार्यहरुलाई विशेष सरसफाई कार्यक्रम सञ्चालन गर्ने ।

**आदरणीय नगरसभा सदस्य ज्यूहरु**

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमहरूको स्वीकृति र प्रभावकारी कार्यान्वयनका लागी यहाँहरुको रचनात्मक सल्लाह र सुझावको खाँचो सदैव रहने नै छ । यस सभालाई गरीमामय र व्यवस्थित बनाउनको लागि महत्वपूर्ण भूमिका खेल्नुहुने वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, बिभिन्न विषयगत समिति प्रति हार्दिक धन्यवाद दिन चाहान्छु । यस नगरपालिको आगामी वर्षका लागि प्रस्तुत नीतिहरु तयारीका क्रममा प्रत्क्ष अप्रत्क्ष थप उर्जा प्रदान गर्नुहुने संघीय तथा प्रदेश संसदज्यूहरु, पूर्व नगर प्रमुख ज्यूहरु, पूर्व जनप्रतिनिधि ज्युहरु, स्थानीय गैर सरकारी संघ संस्था एवंम विकास साझेदार संस्थाका प्रमुख ज्यू लगाएत नगरवासी अग्रज महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुर्याउने सबै प्रति कृतज्ञता व्यक्त गर्दै प्रशासनिक रुपमा सहयोग पुर्याउनु हुने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखज्युहरु लगायतका अन्य सवै कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु ।

---------------धन्यवाद------------------------